# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा समाज विकासका अभिन्न अङ्गका रुपमा लिइन्छ । शैक्षिक विकासको अभावमा समग्र रुपमा राष्ट्रको आर्थिक र सामाजिक विकास हुन सक्दैन । आजको २१ औं शताब्दिमा विश्वलाई मानव जातिले शैक्षिक विकास र यसको प्रयोगले साँघुरो घेरामा राख्न सफल भएको छ । आधुनिक सभ्यताको जड सूत्रको रुपमा शिक्षाले अहम भूमिका खेलेको हुन्छ । शिक्षा भनेको त्यस्तो ज्ञान हो जसले परिवर्तनशील वातावरणमा समायोजन हुन सक्ने कला प्रदान गर्दछ । शिक्षाले व्यक्तिमा अन्तर निहित प्रतिभालाई प्रस्फुटन गराइ समय सापेक्ष आफूलाई अद्यावधिक गर्दछ । यसलाई मानव विकासको द्योतक मानिन्छ । आजको विश्वमा जति पनि राजनीतिक, आर्थिक, सामाजिक, वैज्ञानिक तथा प्राविधिक र सूचनाको क्षेत्रमा विकास गर्न मानव जातिले सिकेका छन् । यी सबै शिक्षाका देन हुन् (पौडेल, २०५७) ।

नेपालको एक बहुजातीय, बहुभाषिक, स्वतन्त्र अभिभाज्य सार्वभौमसत्ता सम्पन्न धर्म निरपेक्ष विकासोन्मूख राष्ट्र हो । शैक्षिक विकास र विस्तारको इतिहास केलाउँदा मौखिक हस्तान्तरण र परम्परागत पद्धतिका रुपमा सुरुवात् भएको पाइन्छ । शिक्षाको माध्यमबाट व्यक्तिको व्यक्तित्वको निर्माण, राष्ट्रिय संस्कृतिको जर्गेना तथा व्यक्ति र समाजको आवश्यकता पुरा गर्ने माध्यम शिक्षा हो । राज्यबाट औपचारिक शिक्षालयको व्यवस्था राणाकालमा प्रारम्भ भएको पाइन्छ । जसको सुरुवात वि.सं.१९१० भएको थियो (काफ्ले र साथीहरू, २०६१) ।

महिला पुरुष समाजका अभिन्न अङ्गका रुपमा रहेका हुन्छन् । उनीहरूको शिक्षामा समान सहभागिता र सुनिश्चतता नभएसम्म समाज

वकासको गति अगाडि बढ्न सक्तैन । प्रकृतिले मानिसलाई महिला र पुरुषका रुपमा जन्म दिएको हुन्छ । यो लिङ्ग भेद हो । यसबाट समाजका प्रत्येक व्यक्तिमा रहेको जैविकीय विशेषताका आधारमा महिला र पुरुष छुट्याउन सकिन्छ । प्रकृतिले मानिसलाई अलग अलग अङ्ग दिइ जन्म दिएको मात्र हो । उनीहरूलाई सामाजिक, सास्कृतिक रुपमा छुट्टा छुट्टै भूमिका निर्वाह गर्ने गरी स्रोत र साधनमा  पहुँच र अधिकार दिने गरी सिर्जना गरेको होइन । समाजले नै महिला र पुरुषलाई के गर्ने के नगर्ने भन्ने सम्वन्धमा हैसियत, स्तर र भूमिका निर्वाह गर्ने गरी स्रोत र साधनमा भिन्न भिन्न पहुँच र अधिकार दिने गरी सिर्जर्ना गरेको हो ( कोइराला, २०६२) । समाजले नै महिला र पुरुषलाई के गर्ने के नगर्ने भन्ने सम्वन्धमा हैसियत, स्तर र भूमिकाले निर्धारण गरेको मूल्य मान्यता तथा संस्कृतिका आधारमा पुरुष वा महिला छुट्याइने व्यवहारलाई नै लैङ्गिक भेदभाव भनिन्छ । सामाजिक, आर्थिक, सास्कृतिक, राजनैतिक, शैक्षिक पक्षमा संलग्न हुनु र प्रोत्साहन दिनु, अर्कोलाई नराम्रो व्यवहार गर्नु वा सीमित दायरमा राख्नुलाई नै लैङ्गिक विभेद भनिन्छ । लैङ्गिक विभेदले विशेषतः समाजमा महिला हुनुका कारणबाट अवसर, अधिकार, सहानुभूति, समर्थन आदिलाई जनाउँछ (काफ्ले, ढकाल र अधिकारी, २०६५) ।

पितृसतात्मक समाज संरचना र सोचले वर्षौं देखि प्रभाव पारेको हुनाले शिक्षामा नारीको स्थान दयनीय रहेको छ । पानी-नानी, चुलो-चौको, गोठबारी, घाँस दाउरा, मेलापात नारीका कार्यक्षेत्र मानिने र पुरुष सरह शिक्षामा कमी रहने कुरा स्वभाविक बनेको छ (पौडेल, २०५७) । आधा भन्दा बढी आकाश ढाकेका यी महिलाहरू शिक्षाको पहुँच भन्दा टाढा रहेका छन् । शैक्षिक उपलब्धिको क्षेत्रलाई पल्टाउने हो भन्ने विश्वमा ८६.२ करोड प्रौढहरू निरक्षर छन् । त्यसमध्ये दुई तिहाई अर्थात झण्डै ५९ करोड महिलाहरू पर्छन् । नेपालको सन्र्दभमा कुरा गर्ने हो भने केटीहरूको साक्षरता प्रतिशत ४२.४९ र केटाहरूको वा पुरुषको ६५.०८

प्रतिशत रहेको छ । जसको दुवैमा तुलना गर्ने हो भने २२.६ प्रतिशत भिन्नता देख्न सकिन्छ । त्यस्तै  केटाहरूको प्राथमिक तहमा खुद भर्ना दर ८६.९ प्रतिशत छ भने केटीहरूको ७५.१ प्रतिशत मात्र रहेको छ । नि. मा. वि. तहको खुद भर्ना दरलाई अध्ययन गर्दा केटाहरूको प्रतिशत ४५ र केटीहरूको ३३.७ प्रतिशत रहेको पाइन्छ । मा.वि. तहमा खुद भर्नादर केटाहरूको ३०.२ प्रतिशत छ भने केटीहरूको २०.९ प्रतिशत मात्र देखिन्छ (रेग्मी, २०६१) । यसरी नै ३४ प्रतिशत केटीहरू १५ वर्ष मुनी नै विवाह बन्धनमा बाधिन्छन् भने प्रत्येक बर्ष करिव ५, ८८५ जना केटीहरू विभिन्न देशमा विक्री हुने गर्दछन् (ढकाल , २०५७) । यसरी २०१५ सम्ममा सबैका लागि शिक्षाको नारालाई सार्थक रुपदिन सबै पद तह र तप्काका निकायहरूको जिम्मेवारी र दायित्व थप बढेको देखिन्छ । समान सहभागिता र सुनिश्चितताले मात्र लैङ्गिक विभेदको अन्त्य भै सिकाइ उपलब्धिमा वृद्धिका साथै लोकतन्त्रको दिगो विकास हुने हुनाले इन्द्रपुर स्रोतकेन्द्रका माध्यमिक तहका सामुदायिक विद्यालयलाई आाधारमानी लैङ्गिकविभेदले माध्यमिक तहको सिकाइ उपलब्धिमा पारेको प्रभाव शीर्षकमा रहेर यस अनुसन्धानलाई अगाडि बढाइएको छ ।

## १.२ समस्याको कथन

एकाइसौं शताब्दिमा नागरीक क्रियाशीलताको प्रतिस्पर्धात्मक युगमा पनि हाम्रो समाज लैङ्गिक असमानता र भेदभावबाट मुक्त छैन् । यो असमानता र भेदभावको स्थिति दक्षिण एशियामा नै उच्च छ । नेपाली महिलाहरू अशिक्षा, अस्वस्थता, गरीबि, रुढिवादी संस्कृतिका कारण समाजमा शोषित पीडित, उपेक्षित र असुरक्षित जीवन यापन गर्न विवश छन् । भ्रुण अवस्थादेखि नै नारी जातिले अनेक यातना, अपमान, दुर्व्यवहार, घृणा र लघुता बोधको स्थिति भोग्नु पर्ने वाध्यता कायम छ । सामाजिक, सांस्कृतिक र आर्थिक परिवेशले उनीहरूलाई दोस्रो कोटिको नागरीक रहेको कुरालाई समाजमा प्रचलित निम्न भनाइबाट

लैङ्गिकविभेद रहेको पुष्टि हुन्छ ।  छोरापाए खसीभात, छोरीपाए फर्सीभात, पोथी बासेको राम्रो हुँदैन, छोरालाई काखा र छोरीलाई पाखा,  आइमाईको किलकिले हुँदैन, छोराको नाता हाडको, छोरीको नाता पातको, खुट्टा भए जुत्ता जति पाइन्छ, जस्ता लोकोक्तिबाट नेपाली समाजमा लैङ्गिक विभेद रहेको प्रष्ट हुन्छ ।

सामाजिक अप्राकृतिक वा मानव निर्मित सास्कृतिक मूल्यमान्यताले महिलाको शैक्षिक उपलब्धिमा पारेको प्रभावबारे उल्लेख गर्नु यस शोधकार्यको उद्धेश्य रहने छ । अर्काको घर जाने जातलाई पढाएर के फाइदा भन्ने मानसिकता भएका समुदाय एकातिर छ  भने अर्कातिर परिवारभन्दा बाहिर राखेर छोरी पढाउनु हुँदैन भन्ने मानसिकता भएकाहरूको दोस्रो समुदाय छ जसबाट पनि महिला शिक्षामा पछि पारिएका हुन् । अझै पनि छोरीलाई छोरासमान पढाउनु पर्छ भन्ने सामाजिक अभियानको विकास हुन सकेको छैन ।

नेपालमा ५०.४ प्रतिशत महिलाका सङ्ख्या भएपनि महिलाको साक्षरता दर पुरुषको तुलनामा २० प्रतिशत भन्दा कम छ । पुरुष प्रौढ साक्षरता ५४.३२ प्रतिशत रहेकोमा महिलाको  साक्षरता प्रतिशत भने ११.३३ प्रतिशत रहेको छ । मातृ मृत्युदर प्रतिलाख ५३९ रहेको छ भने प्रसुतिको अवस्थामा प्रत्येक वर्ष ४५ हजार महिलाले जीवन गुमाइ रहेको छन् । पुरुषहरू प्रतिदिन ८ घण्टा मात्र काम गर्ने गर्दछन्  भने महिलाहरू ११ घण्टा भन्दा बढी काम गर्ने गर्दछन् (आचार्य, २०६७) ।

यसरी समाज विकासका हरेक क्षेत्रमा महिलाहरू पछि पारिएका छन् । महिला र पुरुष समाजका एक रथका दुई पाङग्रा हुन् । समाजको विकासलाई अगाडि बढाई विकसित समतामूलक समाज निर्माणका लागि महिलाको पनि अनिवार्य रुपमा शिक्षाको पहुँचमा सुनिश्तिचतता रहनुपर्दछ । छात्राहरूको शैक्षिक

विकासको लागि ठोस कार्यक्रम र पहलकदमी सबै निकायहरूले लिनु अनिवार्य छ । त्यसैले पनि लैङ्गिक विभेदको अन्त्य गरी शैक्षिक उपलब्धि बृद्धि गर्नका लागि सम्वन्धित पक्षलाई अनुसन्धानले सहयोग पुऱ्याउने छ भन्ने विश्वासका साथ समस्यामा केन्द्रित रही यस अनुसन्धान कार्यलाई मोरङ जिल्लाको इन्द्रपुर स्रोतकेन्द्र अन्तरगतका सामुदायिक विद्यालयमा आधारित भई खोज तथा अनुसन्धान गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

वर्तमान हाम्रो देशमा महिला र पुरुषलाई हेर्ने दृष्टिकोण समान किसिमको छैन । नेपाललाई पुरुष प्रधान देशको रुपमा मानि आएको व्यवाहारिक अवस्था पाइन्छ तर पुरुषले गर्ने जुनसुकै काम महिलाले गर्न सक्तछन् । अझ शिक्षामा नारी शिक्षित भएमा परिवार नै शिक्षित हुन्छ तर पुरुष शिक्षित भएमा व्यक्ति मात्र शिक्षित हुन्छ भन्ने भनाइबाट पनि पुष्टि गर्दछ । समाजमा पुरुषको प्रधानता र धार्मिक अन्धविश्वासका कारण छोराको चाहनामा छोरीको भ्रुण हत्या, प्रजननमा पुरुष नियन्त्रण, बाल विवाह, बहुविवाह, दाइजोको समस्या, देउकी, झुमा, छाउपडी प्रथा, बादी र बोक्सी जस्ता कुरितीहरूबाट नेपाली महिलाहरू अझै प्रताडित छन् । महिला विरुद्धको हिंसामा यौनजन्य अपराध, चेलीवेटी बेचविखन, जबरजस्ती यौन व्यवसायमा लगाउने, मानसिक यातना, शारीरिक पिडा, घरेलु कामदारमाथि गरिने अमानवीय व्यवहार जस्ता घरेलु हिंसाका घटनाहरू त्यतिकै गम्भीर समस्याका रुपमा रहेका छन् । महिला र पुरुष  समाजका एक रथका दुई पाङ्ग्राका रुपमा परिभाषित गरिएको छ । महिलाको हक, हित र अधिकारका लागि धेरै आवाजहरू उठाएको पाइन्छ । महिलाको समान सहभागिता र सुनिश्चितताको अभावमा समाज विकासको गतिलाई अगाडि बढाउँन असम्भव देखिन्छ । महिलासँग सम्बन्धित धेरै खोज र अनुसन्धान भएपनि यस अन्तर्गतको खोज र अनुसन्धान कम भएको पाइन्छ । यसले लैङ्गिक विभेदका कारणहरू पहिचान गरी

तिनीहरूलाई सुझाउनका साथै छात्राहरूको सिकाइ उपलब्धि वृद्धि गर्न योजनाकार, नीति निमार्ता, अध्ययन अनुसन्धान गर्नेलाई सहयोग गर्दछ भने इन्द्रपुर स्रोतकेन्द्रका विद्यालयहरूलाई भावी योजनाको निमार्ण गर्न, शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउँन, छात्र/छात्रा बीचको विभेदको अन्त्य गर्नका साथै छात्राहरूको सिकाइ उपलब्धिमा वृद्धि गर्नमा थप सहयोग मिल्नेछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका निम्न उद्देश्यहरू रहेका छन् :

क) लैङ्गिक आधारमा सिकाइ उपलब्धिको पहिचान गर्नु ।

ख) छात्राको सिकाइ उपलब्धिमा लैङ्गिक विभेदको प्रभावको विश्लेषण गर्नु ।

ग) छात्राको सिकाइ उपलब्धिमा देखिएका समस्याहरू पहिचान गर्नु ।

घ) छात्राको सिकाइ उपलब्धि बढाउने उपायहरू सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

शोधकार्य अनुसन्धानमूलक भएकाले अनुसन्धानबाट कुनैपनि समस्या समाधान गर्न सकिने उपाय निकाल्न सकिन्छ । समस्या समाधान गर्न सजिलो होस् भन्ने उद्देश्यले केही अनुसन्धानात्मक प्रश्नहरू तल प्रस्तुत गरिएको छ ।

क) माध्यमिक तहमा लैङ्गिक उपलब्धि अवस्था कस्तो छ ?

ख) छात्राको सिकाइ उपलब्धिमा लैङ्गिक विभेदले कस्तो प्रभाव पारेको छ ?

ग) छात्राको सिकाइ उपलब्धिमा देखिएका समस्याहरू के के हुन सक्तछन् ?

घ) छात्राको सिकाइ उपलब्धि बढाउने उपायहरू के के हुन सक्तछन् ?

## १.६ अध्ययनको परीसीमा

कुनै पनि विषयमा अध्ययन गर्नुपर्दा त्यसको क्षेत्र ज्यादै व्यापक हुन्छ । छोटो र सीमित साधन र समयमा सबै क्षेत्रको अध्ययन गर्नु ज्यादै कठिन कार्य

हुन्छ । यसकारण कुनैपनि अध्ययन सीमावद्ध गरी अध्ययन गर्दा समयको बचत हुन्छ भने अर्को तर्फ अध्ययन एक वास्तविक एवं फलदायी हुन्छ । त्यसैले यस अध्ययन कार्यलाई सजिलैसँगले सम्पन्न गर्न सकियोस् भन्ने उद्देश्यले मोरङ जिल्लाको इन्द्रपुर स्रोतकेन्द्र अर्न्तगतका चार सामुदायिक विद्यालयका कक्षा १० को २०६७ को नियमित तर्फको प्रवेसिका परीक्षाको सिकाइ उपलब्धिको लेखा जोखा गर्दा प्रत्येक विद्यालयका एक छात्र / एक छात्राले प्राप्त गरेको गणित विषयको सिकाइ उपलब्धिको मात्र आधार मानिएको छ ।

## १.७ सम्बन्धित शब्दावलीको परिभाषा

लैङ्गिक विभेद : विशेषत समाजमा महिला हुनुको कारणबाट हुने भेदभाव, शोषण असमान व्यवहारलाई बुझ्नु पर्दछ ।

सिकाइ उपलब्धि : शिक्षण सिकाइमा प्राप्त गरेको सफलतालाई बुझाउने छ ।

माध्यमिक तह : कक्षा ९ र १० लाई बुझाउँछ ।

अद्यावधिक : समय सापेक्ष

पितृसतात्मक : घर, परिवार र समाजमा पुरुषको अग्रणी स्थान रहनु ।

समतामूलक : बराबर सहभागी भएको

शशक्तिकरण : आफूमाथि भएको अन्याय, अत्याचारको विरोध गर्न सक्ने, स्रोत र साधनमा पहुँच बढाई सामाजिक, आर्थिक, राजनीतिक रुपमा सवल र सक्षम बन्नुलाई बुझाउँछ ।

सचेतीकरण : जागरण, शिक्षित

प्रताडित : यातना पाएको

पराधीन : अर्काको अधिन

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा अध्ययनको सैद्धान्तिक खाका

## २.१ सम्वन्धित साहित्यको पुनरावलोकन

नेपालमा औपचारीक शिक्षाको थालनीले पाचौं दशकहरू पूरा गरीसक्दा पनि महिलाहरूको शैक्षिक अवस्था माथि उठ्न सकेको छैन । विद्यालयमा छात्र र छात्रा सहभागिताको बीचमा देखिएको फरकले नारीलाई पराधीन मान्ने सोच मानसपटलमा हटेको छैन भन्ने कुरा प्रमाणित गर्दछ । महिला र पुरुष समाजका एक रथका दुई पाङग्रा भएर पनि महिलाहरूका सिकाइ उपलब्धिमा पारेको प्रभाव बारे खोजी गरेको पाइन्न ।

यस शोधकार्य तयार गर्ने शिलशिलामा अध्ययनसँग सम्बन्धित सन्दर्भ सामाग्रीको रुपमा विभिन्न व्यक्ति शोधकर्ताहरूद्धारा तयार गरिएको लेख, पुस्तक, रचना एवं अनुसन्धात्मक कृतिहरूको अध्ययन गरिएको छ  जुन यस अध्ययनको लागि सान्दर्भिक देखिन्छ ।

भण्डारी (२०६१) ले प्रस्तुत गरेको काठमाडौ जिल्लाका ग्रामीण भेगमा प्राथमिक तथा निम्न माध्यमिक तहको छात्रा सहभागितामा समस्या र समाधानका उपाय शीर्षकमा गरिएको अध्ययनमा पितृसतात्मक समाज भएकै कारणले परिवारमा पुरुषको दाँजोमा महिला तथा बालिकालाई कम महत्व दिइन्छ । विशेषतः बालिकाहरू विवाहपछि पतिको घर जाने तथा छोराहरूले बुढेसकालमा आमाबाबुको रेखदेख गर्नु पर्ने भन्ने सामाजिक अवधारणाका कारण अधिकांश अभिभावकहरू छोराका शिक्षाका लागि बढी चासो देखाउँछन् । तर छोरीहरूले आमाबाबुको गृहस्थी र कृषिका कामहरूमा सघाउनु पर्ने हुनाले उनीहरूलाई स्कूल पठाउन रुचाउँदैनन् (भण्डारी, २०६१) ।

बालिका शिक्षा (२०५७) का अनुसार शारीरिक रुपमा छोरा र छोरीमा भिन्नता भएपनि मानसिक रुपमा यी दुबैमा कुनै फरक हुँदैन भन्ने सोचको अभाव बुवा आमामा पाइन्छ । छोरीलाई अर्काको नासोको रुपमा लिई छोरीहरूलाई सामाजिक, आर्थिक राजनीतिक दायित्व बहन गर्न नसक्ने ठान्दछन् र छोरीको पढाइ एवं प्रगतिका लागि बाबुआमा नै जिम्मेवार नभइदिने हुन्छन् । छोरालाई जेनतेन पढाउन चाहने अभिभावकहरू छोरीको पढाइ प्रति त्यति सचेत देखिदैनन (ढकाल, २०५७) ।

भट्टराई (२०६७) ले माध्यमिक तहमा महिला शिक्षकको शिक्षणमा सहभागिता शीर्षकमा गर्नुभएको आफ्नो खोजमा महिलाहरू पुरुषको तुलनामा शिक्षणमा सहभागिता अत्यन्त न्यून रहेको, परम्परागत सोच, सामाजिक संरचना, अन्धविश्वास जस्ता कुराहरूले उनीहरूलाई शिक्षण पेशामा अगाडि बढ्न बाधा रहेको कुरालाई उठान गर्नुभएको छ । उहाँको अनुसार नारीहरू अझै पनि घर भित्रै जकडिएको महसुस गर्न सकिन्छ । शिक्षा, रोजगारी र न्याय जस्तो क्षेत्रमा नारी सहभागिताको नारा उठे पनि त्यसको कार्यन्वयन हुन नसकेको पाइन्छ ( भट्टराई, २०६७) ।

राई (२०६६) ले प्राथमिक तहमा महिला शिक्षाको उपस्थितिको प्रभाव शीर्षकमा गर्नुभएको आफ्नो खोजमा समाजका एक रथका दुई पाङ्ग्राका रुपमा महिलालाई परिभाषित भएता पनि महिलाहरूको हैसियतलाई निकै कम महत्व दिने कुरालाई उठान गर्नुभएको छ । उहाँका अनुसार महिलाको अवस्था परम्परागत भूमिकाबाट परिवर्तन हुदै गएता पनि आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिक तथा राजनीतिक क्षेत्रबाट भूमिका प्रदान गर्ने अवसर पुरुष भन्दा तुलनात्मक रुपमा पछाडि नै रहेको छ ( राई, २०६६) ।

रेग्मी (२०६१) नेपालमा महिलाको स्थिति नामक शीर्षकमा लेख्नु भएको लेखमा लेखिएकाले राखेका उद्धेश्यहरू नेपालमा महिलाको वर्तमान अवस्था, महिला विकासमा भएको समस्या तथा समाधानको उपाय जस्ता उद्धेश्यहरूलाई आधार बनाई गर्नु भएको अध्ययन वा बर्तमान समयमा निम्न महिला सहभागिता देखिएको पाईन्छ। यसको कारक तत्वको रुपमा अशिक्षा, गरीबि, चेतनाको कमी, परम्परागत सोच, भेदभाव आदि रहेको निष्कर्ष निकाल्नु भएको छ। लैङ्गिक समस्यालाई समाधान गर्नको लागि लेखिकाले महिला शशक्तिकरण र लैङ्गिक समानता सम्बन्धि विविध कार्यक्रम सञ्चालन गर्नको लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रबाट पनि आवश्यक स्रोत, साधन र सहयोगको परिचालनको साथै समन्वयात्मक रुपमा पहल गर्नुपर्ने सुझाव दिइएको देखिन्छ ( रेग्मी, २०६१)।

उपाध्याय (२०६२) ले माध्यमिक तहको विद्यालयीय शिक्षामा छात्रा सहभागिता एक अध्ययन शीर्षकमा लेखिएको शोध पत्रमा दैलेख जिल्लाको माध्यमिक तहमा छात्राको अवस्था पहिचान गर्ने, छात्रा न्यून रहनुको कारण पत्ता लगाउन तथा सहभागिता बढाउने उपाय पत्ता लगाउने जस्ता उद्धेश्यलाई समेटी शोधकर्ताले अध्ययनबाट प्राप्त स्रोतको आधारमा छात्रको तुलनामा छात्राको सङ्ख्या न्यून रहेको पाइन्छ। तुलनात्मक रुपमा छात्रा सङ्ख्या न्यून रहनुमा छात्राहरूमा चेतनाको कमी, लैङ्गिक विभेद, आर्थिक अवस्थामा कमी हुनु, घर धन्दामा बढी संलग्न रहनु, राष्ट्रिय तथा सामाजिक असुरक्षा जस्ता कारक तत्वहरू रहेको उल्लेख गर्नु भएको छ भने आदर्श राज्य निर्माणको लागि महिलालाई शिक्षा, प्लेटो लैङ्गिक सचेतना, रोजगारीमा अवसर र राजनीतिमा सहभागिता बढाउनु पर्ने जस्ता सुझाव दिएको पाइन्छ (उपाध्याय, २०६२)।

आचार्य (२०६०) ले सार्वजनिक प्राथमिक विद्यालयहरूमा अध्ययन गर्ने छात्राहरूले शिक्षा पुरा नगरी बीचैमा छोड्नका कारण एक अध्ययन शीर्षकमा

सुर्खेत जिल्लामा गरिएको अध्ययनमा सोधकर्ताले सुर्खेत जिल्लाको शिक्षा पुरा नगरी बीचैमा छोड्नेको अवस्था पहिचान गर्ने, कारण पत्ता लगाउन तथा समाधानको उपाय पत्ता लगाउन जस्ता उद्धेश्यहरूको प्रयोग गरी शिक्षा पुरा नगरी बीचैमा छोड्नुमा आर्थिक समस्या, अशिक्षा, रुढीवादी, अन्धविश्वास, कुरीति, छिटो विवाहलाई लिनु भएको छ । सरकारबाट भएका प्रयासहरू प्राथमिक शिक्षा कार्यक्रम, महिला शिक्षा कार्यक्रम तथा सामग्री निर्माणमा जोड दिएपनि शिक्षा पुरा नगरी बीचैमा छोड्नुको अवस्था बढ्ढो क्रममा नै रहेको निष्कर्ष निकाल्नुभएको छ । शिक्षा पुरा नगरी बीचैमा छोड्नुको अवस्थालाई न्यूनीकरण गर्नको लागि सर्वप्रथम सरकारले प्रभावकारी नीति, नियम बनाउनुपर्ने, शैक्षिक लगानीलाई व्यवहारिक रुपमा प्रयोग गर्नुपर्ने, शैक्षिक योजनाकार, प्रशासक, अभिभावक, बुद्धिजीवी सबैले आफ्नो आफ्नो क्षेत्रबाट योगदान दिन सकेमा यो अवस्था न्यूनीकरण हुने कुरा सुझाव सोधकर्ताले दिनुभएको छ (आचार्य, २०६०) ।

ओझा (२०६१) ले शिक्षण पेशामा महिलाको प्रवेश शीर्षकमा लेख्नु भएको लेखमा शिक्षण पेशामा महिलाको अवस्था, प्रवेशको क्रम तथा यसबाट शिक्षणमा प्रभावकरिता तथा तुलनात्मक अवस्था जस्ता उद्धेश्यहरूको प्रयोग गरी तयार गर्नुभएको लेखबाट महिलाहरूको सहभागिता तथा प्रवेश दुवै न्यून रहेको निष्कर्ष निकालेको छ । अनुपातमा सबैभन्दा बढी श्रीलंकामा ८०५ महिलाहरू पुरुषको अनुपातमा शिक्षण पेशामा लागेको उल्लेख छ भने नेपालमा महिला पुरुष समान सङ्ख्यात्मक रुपमा भएको भएतापनि अर्थ, संस्कृति, संस्कार, राजनीति, अवसर जस्ता पक्षहरू समाजका प्रतिबिम्ब भएकाले व्यवहारमा गम्भीर र संवेदनशील रुपमा असमानता रहेको कुरा उल्लेख छ । यस लेखबाट लिइएको निष्कर्षमा लैङ्गिक विभेदको सुधार गरी प्रभावकारी बनाउन, शिक्षामा सहभागिता बढाउन सरकारले विशेष योजना ल्याउनुपर्ने सुझाव दिनु भएको छ (ओझा, २०६१) ।

नेपाल अधिराज्यको संविधान (२०४७) का अनुसार कानूनका दृष्टिमा सबै समान हुनेछन् । राज्यले नागरीकहरूका बीच धर्म, वर्ण, लिङ्ग, जातजाति वा भेदभाव गर्ने छैन (संविधान, २०४७) ।

मल्ल (२०५६) ले प्रस्तुत गरेको आफ्नो महिलाहरूको राजनीतिक सहभागिताको रणनीति योजना शीर्षकको लेखमा महिला सहभागिताका सम्वन्धमा पुरुष सरह समान अधिकार रहेको र कतिपय अवस्थामा विशेष अधिकार रहेको भएतापनि पारिवारिक संरचना, पुरुष प्रधान समाज, भेदभावपूर्ण कानूनहरू, शिक्षाबाट  वञ्चित पुरातन सोच, राजनीतिक प्रतिवद्धताको कमी र सामाजिक संरचनाको स्वरुप नै हुन (मल्ल २०५७) ।

पौडेल (२०५६) ले प्रस्तुत गरेको नेपालमा शिक्षाको विकास शीर्षकको आफ्नो लेखमा पुरुष र महिला बीचमा रहेको शक्तिको असमान वितरणले लैङ्गिक विभेद घर भित्र र बाहिर रहेको छ ( पौडेल, २०५६) ।

पन्थी (२०६१) ले प्रस्तुत गर्न भएको मेनेजमेन्ट अफ जेन्डर एण्ड थ्रु क्लासरुम प्राक्टिस शीर्षकमा गरिएको खोजमा लैङ्गिक विभेदले शिक्षाको सबै तहमा प्रभाव पारेको छ । शैक्षिक उपलब्धि न्यून  रहनुका पछाडि सामाजिक बनावट, रुढीवादी संस्कार, स्पष्ट नीति नियमको कमी, आर्थिक अभाव जस्ता पक्षहरू नै मुख्य रुपमा लिन सकिन्छ (पन्थी, २०६१) ।

ढकाल र कोइराला (२०६३) ले निर्माण गर्नुभएको शिक्षाको आधारहरू पुस्तकमा महिला समाजका एक अभिन्न अङ्ग हुन् । समाजमा महिलाहरू शिक्षा, रोजगारी, राजनीतिक लगायतका क्षेत्रमा पछि परेका छन् । अनुत्पादक

साधनहरूमा प्राय पुरुषहरू कै नियन्त्रण रहने हुँदा परिवारमा महिलाहरूको स्थान, शक्ति, सामाजिक भूमिकामा प्रभाव पार्दछ (ढकाल  र कोइराला २०६३) ।

शिक्षा विभाग (२०६५) ले प्रस्तुत गरेको आफ्नो प्रतिवेदनमा नेपालको शैक्षिक विकासलाई केलाउने हो भने अझै पनि प्राथमिक उमेर समूहका करिब ११ प्रतिशत बालबालिकाहरू विद्यालय बाहिर रहेका छन् भने बाँकी अल्पसंख्यक, पिछडिएका आदिवासी सिमान्त गरिबीको रेखामुनि रहेका विभिन्न वर्ग छन् । सन् २००१ को जनगणना अनुसार ६ वर्ष माथिको ६० लाख ६५ हजार नेपालीहरू निरक्षर छन् । ती मध्ये ४२ लाख महिला छन् भने १५ वर्ष माथिका ४८ प्रतिशत मात्र साक्षर छन्  त्यस मध्ये ३३ प्रतिशत महिला रहेका छन्  (विभाग, २०६५) ।

ढकाल (२०५७) ले बालिका शिक्षा शीर्षकमा प्रस्तुत गरेको आफ्नो लेखमा शारीरिक रुपमा छोरा र छोरीमा भिन्नता भएता पनि मानसिक रुपमा यी दुईमा कुनै फरक हुँदैन भन्ने कुरा पुरातन सोच भएका आमा बुवामा देखिदैन । छोरीलाई अर्काको नासोको रुपमा लिइ छोरीहरूले सामाजिक आर्थिक, राजनीतिक दायित्व बहन गर्न नसक्ने ठान्दछन्  भने छोरीलाई पढाइ एवं प्रगतिका लागि आमा बुवा नै जिम्मेवारी नभइ दिने हुन्छन् । छोरालाई जेनतेन पढाउन चाहने अभिभावकहरू छोरीको पढाइप्रति भने सचेत देखिदैनन (ढकाल, २०५७) ।

सिन्हा (२०६५) ले दक्षिण एसियामा प्रौढ र निरन्तर शिक्षा शीर्षकको आफ्नो लेखमा विश्वव्यापी रुपमा हरेक १०० पुरुष साक्षर हुँदा ८९ महिला साक्षर रहेका छन् । सन् १९८५-१९९४ को अवधि पछि सुधारका बाबजुत अझै पनि दक्षिण र पश्चिम एसिया (प्रति १०० साक्षर पुरुषमा ६७ महिला साक्षर), अरब राज्यहरू (७४) र अफ्रिकी उप सहारामा (७६) महिला भएको बाट साक्षरता सङ्ख्यामा उल्लेख्य विषमता देखिन्छ (सिन्हा, २०६५) ।

श्रेष्ठ (२०५६) ले आफ्नो महिला शिक्षा आजको आवश्यकता शीर्षकको लेखमा बालिकाहरू तराईमा तिलक प्रथाले र पहाडमा रजस्वला भएको अवधिमा विद्यालय नपठाउने चलनले गर्दा महिलाको शिक्षामा नकारात्मक असर परेको उल्लेख गरिएको छ । साथै छोरीलाई पढाउनु भनेको श्रम र पैसाको खेर मात्र हो भन्ने मानसिकता रहेको बताइएको छ । रुढीबादी संस्कारहरूले गर्दा नेपालमा विद्यालय जाने उमेरका ४१ प्रतिशत बालिकाहरू विद्यालय बाहिर रहेको उल्लेख गर्नुभएको छ (श्रेष्ठ, २०५६) ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग (वि.सं. २०५५) ले देशको आधा जनसङ्ख्या ओगटेको महिलाको निरक्षरता ७० प्रतिशत रहेकोमा प्रा.वि. तहमा ६० प्रतिशत छात्राहरू विद्यालय नै नआएको देखिन्छ भने ४० प्रतिशत मात्र विद्यालय आएको पाईन्छ (शैक्षिक तथ्याङ्क, २०५३) । प्रा.वि तहमा महिला शिक्षकको अवस्था २७ प्रतिशत मात्र रहेको पाइन्छ । यस्तो समस्यालाई समाधान गर्नको लागि यस आयोगले निम्न सुझाव दिएको पाईन्छ । महिला शिक्षक सहभागिता बढाउन नियुक्तिमा प्राथमिकता साथै सेवा सुविधा बढाउनु पर्ने, महिला शिक्षा तथा सशक्तिकरणको लागि प्रचार प्रसार गर्नुपर्ने साक्षरता अभियान सगै प्रेरणदायी र क्रियाशील नेतृत्वको सिर्जनामा जोड दिनुपर्ने, शिक्षा पुरा नगरी बीचैमा छोड्ने अवस्थालाई हटाउनुको लागि चेतनामूलक तालिम कार्यक्रम सञ्चालन गर्नुपर्ने, विद्यालय बाहिरको Bridge Course मार्फत औपचारिक शिक्षामा ल्याउनुपर्ने साथै खुल्ला शिक्षालाई अगाडि बढाउनु पर्ने, गाँउ गाँउमा आर्थिक कोष खडा गरी बचत कार्यक्रम तर्फ क्रियाशील बनाउनु पर्ने, शिक्षाको सबै तहमा महिला छात्रवृत्ति व्यवस्था गर्नुपर्ने महिलासँग सम्बद्ध विविध अनुसन्धान गरी देखिएको समस्याको समाधान गर्नुपर्ने आदि जस्ता सुझावहरूलाई उल्लेख गरिएको छ ।

अन्तरिम संविधान (२०६३) का अनुसार महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गरिने छैन, प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजनन सम्बन्धी हक हुनेछ, कुनै पनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुनेछ भन्ने व्यवस्था पाइन्छ भने पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुनेछ (संविधान, २०६३) ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

लैङ्गिक विभेदले सिकाइ उपलब्धिमा पारेको प्रभाव शीर्षक अनुसन्धान कार्यलाई अगाडि बढाउन महिला र पुरुषबीच कुनैपनि लैङ्गिक विभेद र असमानता हुनु हुँदैन । महिलालाई दमन र शोषण गर्ने पुरुषको कुनै अधिकार छैन भन्ने वैचारिक दर्शनको वकालत गर्ने नारीवाद (Feminism) मा आधारित हुनेछ । यस नारीवादमा उदारवादी, समाजवादी, मार्क्सवादी र मौलिक नारीवादका चार धारहरूको विकासका आधारमा सैद्धान्तिक अवधारणा लिइएको छ ।

वेटी फ्रिडन (१९६३) का अनुसार महिला शक्तिहिन वर्ग हो भन्ने बुझाइ गलत र परम्परागत बुझाइ हो । समान अवसर र शिक्षा पाएमा घर भित्रका मात्र हैन घर बाहिरका कार्य गरी बाबुको भूमिका निर्वाह गर्न सक्तछन् । उनले उदारवादी नारीवादको वकालत गरेकी छन् । उनका अनुसार लिङ्गका आधारमा महिलाहरूलाई अधिकार वा अवसरबाट वञ्चित गर्नु हुँदैन । महिलाहरूलाई स्वतन्त्रता, समान अवसर, शिक्षा दिन सकेमा मात्र महिला विकासको अवस्था सफल हुन सक्तछ भन्ने मान्यतामा जोड दिएको पाइन्छ, (आचार्य, २०६७ मा उद्धृत) ।

समाजवादी नारीवादमा पितृसत्ता र पुँजीवाद दुई भिन्न भिन्न वस्तुहरू हुन् । यी दुई एकआपसमा जोडिदा महिलाहरू बीचत्र ढङ्गले थिचोमिचोमा पर्दछन् ।

समाजवादी नारीवादले लिङ्ग र लिङ्गभेदलाई जोड दिएको हुन्छ । यसका अनुसार पितृसत्ता र पुँजीवाद दुवै छुट्टा छुट्टै पक्षहरू हुन् जव यी दुवै एक ठाँउमा हुन्छन् तव महिला माथिको दमन वृद्धि हुन्छ ।

मार्क्स र एङ्गेल्स (१८८४) का अनुसार महिला माथिको दमन, विभेद, असमानता जस्ता अत्याचार तथा शोषण खासगरी पितृसत्ता र पुँजीवादी संरचनाबाट हो । महिलाको शोषण पुँजीवादसँग सम्वन्धित  राजनीतिक, सामाजिक र  आर्थिक प्रतिफल हो । मार्क्सवादी महिलाहरूले प्रत्यूत्पादक भूमिका र लैङ्गिक चिन्ताका विषयसँग सम्बन्धित परिवार नियोजनका साधनको प्रयोग, बलात्कार, गर्भपतन, यौनव्यपार, हिंसा जस्ता पक्षलाई समेट्दछ । मार्क्सवादी महिलाहरू उत्पादन र स्रोतहरूमा महिलाको पहुँच बढाउने कुरामा जोड दिन्छन् (आचार्य, २०६७ बाट उदृत) ।

मौलिक नारीवादका अनुसार युद्ध र नागरीक अधिकारमा समान रुपबाट पुरुषसरह सहकर्मीको रुपमा उत्रिएका महिलाहरूमा देखाइएको हेपाहा प्रवृतिका कारणबाट यो धारको विकास भएको देखिन्छ । यसवादका अनुसार यौनवाद नै पितृसत्ताको केन्द्र विन्दु हो जुन सामाजिक संस्थाहरूमा प्रतिविम्वित भएका हुन्छन् । महिलाहरू समाजमा सबैभन्दा उत्पीडित हुन्छन् र राज्य स्वतः महिलाहरू प्रति उदार हुँदैनन साथै वर्गीय चिन्तनलाई उन्मूलन गरेपछि मात्र लैङ्गिक दमन समाप्त भएको हुन्छ भन्ने कुरा यस वादले राखेको पाइन्छ ।

यसर्थ महिलाहरू आफ्नो हक अधिकार र अवसरबाट वञ्चित छन् । उनीहरूलाई सामाजिक रुपमै कमजोर बनाइएको छ । पितृसत्ताको कालो ओडारमा गुम्सिएर आफ्ना इच्छा र चाहनालाई गर्भमै तुहाउन बाध्य छन् । त्यसकारण महिलाहरूको समानताको लागि महिलाहरूलाई पुरुष सरह बनाउनु

पर्छ । महिला र पुरुष बीच कुनैपनि लैङ्गिक विभेद र असमानता हुनु हुँदैन । महिलालाई दमन र शोषण गर्ने कुनै अधिकार छैन भन्ने वैचारिक दर्शनको वकालत गर्ने वाद नै नारीवाद हो ।

## २.३ पुनरावलोकनको उपादेयता

लैङ्गिक साक्षारता अवस्था, सिकाइ उपलब्धि र त्यसबाट प्राप्त हुने फाइदा, वेफाइदा, सबल र दुर्बल पक्षहरू निराकरण गरी यसबाट प्राप्त हुने अवसरको सिर्जना गरी लैङ्गिक चुनौतिहरू लगायत थप नयाँ घटनाको खोजी गर्ने आधारहरू प्रदान गरी अन्य शीर्षकमा थप अध्ययन गर्न सहयोग पुग्ने छ भन्ने अपेक्षा लिइएको छ । यसले लैङ्गिक विभेदको अन्त्य गर्न, शैक्षिक कार्यक्रमको प्रभावकारिता र त्यस्को कार्यन्वयनसँग सम्वन्धित पक्षहरूलाई दिशानिर्देश गर्न यस अध्ययनले सहयोग पुऱ्याउनुका साथै यस अध्ययनलाई नारीवाद र लैङ्गिक विभेदीकरण सम्बन्धि सिद्धान्तलाई मध्य नजर गरी आगामी दिनहरूमा सहयोग पुऱ्याउँछ भन्ने अपेक्षा लिइएको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

अध्ययनको प्रकृति अनुसार लैङ्गिक उपलब्धिको अवस्था जाँच गर्न सङ्कलित तथ्याङ्कहरूको वर्णानात्मक, व्याख्यात्मक, तुलनात्मक तरिकाबाट गरिने हुनाले यस अध्ययनको ढाँचा गुणात्मक र परिणात्मक दुवै किसिमको रहेको छ ।

## ३.२ तथ्याङ्क सङ्कलन प्रक्रिया

### ३.२.१ जनसङ्ख्या

यस अनुसन्धान कार्यलाई पुरा गर्न मोरङ जिल्लाको इन्द्रपुर स्रोत केन्द्रका सम्पूर्ण सामुदायिक माध्यमिक विद्यालय रहेका छन् ।

### ३.२.२ नमूना आकार

अध्ययन कार्यलाई पूर्णता दिन आवश्यक तथ्याङ्क सङ्कलनका लागि देहाय अनुसारको नमूनाको आकार निर्धारण गरिएको छ ।

| विद्यालय | कक्षा | सहभागी छात्र/छात्रा | वि. प्र.अ. | अभिभावक |
|---|---|---|---|---|
| श्री कसेनी उच्च मा.वि | १० | १/१ | १ | १ |
| श्री भगवती उच्च मा.वि | १० | १/१ | १ | १ |
| श्री सुकुना उच्च मा.वि | १० | १/१ | १ | १ |
| श्री शिक्षा निकेतन मा.वि. | १० | १/१ | १ | १ |

**स्रोतः स्थलगत सर्वेक्षण**

माथिको तालिका अनुसार नमूनाको आकारको रुपमा मोरङ जिल्लाको इन्द्रपुर स्रोत केन्द्रका एघार ओटा मा.वि. मध्ये ४ ओटा श्री कसेनी उच्च मा.वि. बेलबारी ८ बुधबारे, श्री भगवती उच्च मा.वि. बेलबारी ३, श्री सुकुना उच्च मा.वि. इन्द्रपुर ३ र श्री शिक्षा निकेतन मा.वि. मृगौलियाा ९ का कक्षा १० को नियमित तर्फको प्रवेशिका परीक्षा २०६७ को नतिजालाई आधार मानिएको छ । जसमा आवश्यक सहयोग र तथ्याङ्क विश्लेषणका लागि विद्यालयका प्र.अ., प्रत्येक विद्यालयका एक छात्र, एक छात्रा र एक/एक जना अभिभावक नमूनाका आकारका रुपमा रहेका छन् ।

### ३.२.३ नमूना छनौटको विधि

यस अध्ययनको उद्धेश्य पुरा गर्नको लागि इन्द्रपुर स्रोत केन्द्रका ११ ओटा सामुदायिक विद्यालयहरू मध्ये ४ ओटालाई मात्र उद्धेश्यमूलक नमुना छनौट विधिबाट नमूनाको रुपमा लिइएको छ । त्यसै गरी ४ ओटै विद्यालयका विद्यालय प्र.अ., एक/एक जना अभिभावकलाई पनि यही विधिबाट छनौट गरिएको छ भने ती प्रत्येक विद्यालयका कक्षा १० का नियमित तर्फका प्रवेशिका परीक्षा २०६७ मा सामेल भएका एक छात्र र एक छात्रालाई सम्भावनायुक्त नमूना छनौट विधिबाट लिइएको छ ।

### ३.२.४ नमूना छनौटको आधार

अध्ययन कार्यलाई उद्देश्यमूलक, व्यवस्थित र प्रभावकारी बनाउन नमूनाको छनौट गर्दा क्षेत्रगत, भूगोल, कक्षागत, आर्थिक मितव्ययिता यातायातको सुविधा, आफ्नो कार्यक्षेत्र समेतलाई ध्यानमा राखी कक्षा १० को नियमित तर्फको प्रवेशिका परीक्षा २०६७ को गणित विषयमा प्राप्त गरेको सिकाइ उपलब्धिलाई मात्र आधार मानिएको छ ।

## ३.३ अनुसन्धानका साधन

यस प्रतिवेदनलाई पुरा गर्नका लागि अनुसन्धानको साधनका रुपमा सर्वेक्षण फारम, प्रश्नावली, अभिलेख अध्ययन, अन्तरवार्ता अनुसूची, छलफल, भेटघाट आदिलाई साधनको रुपमा लिइएको छ ।

## ३.४ तथ्याङ्कका स्रोतहरू

यस प्रतिवेदनलाई पुरा गर्न मुख्यरुपमा प्राथमिक र द्वितीय स्रोतलाई लिइएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

प्राथमिक स्रोतका रुपमा नमूना छनौटमा परेका विद्यालय प्र.अ., सहभागी छात्र/छात्रा, अभिभावक आदि व्यक्तिलाई प्राथमिक स्रोतको रुपमा लिइएको छ ।

### ३.४.२ द्वितीय स्रोत

द्वितीय स्रोत अन्तर्गत सम्बन्धित विद्यालयका अभिलेख, सङ्घ संस्था आयोगका प्रतिवेदन र तथ्याङ्क, विभिन्न ऐन, नियम, विभिन्न विषयमा अध्ययन गरेका शोधपत्रहरूलाई द्वितीय स्रोतका रुपमा लिइएको छ ।

## ३.५ तथ्याङ्क विश्लेषण प्रक्रिया

यस प्रतिवेदनमा छनौट गरिएका जनसङ्ख्याबाट प्राप्त हुने प्राथमिक तथ्याङ्क र द्वितीय तथ्याङ्कलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार तालिका, वृत्त चित्र, स्तम्भ चित्र, प्रश्नावली, गुणात्मक, वर्णनात्मक प्रक्रियाबाट निष्कर्षमा पुगिएको छ ।

## परिच्छेद चारः तथ्याङ्कको विश्लेषण तथा विवेचना

यस प्रतिवेदनलाई पुरा गर्नका लागि अनुसन्धानका साधनका रुपमा अन्तरवार्ता, अनुसूची, छलफल, भेटघाट, प्रश्नावली, अवलोकन फारमको प्रयोग गरी सङ्कलन गरिएका तथ्याङ्कलाई आवश्यकता अनुसार चयन गरिएको उद्देश्य अनुसार उपयुक्त शीर्षकको छनौट गर्दै प्रस्तुतिकरण, व्याख्या र विश्लेषण गर्ने काम यस अध्ययनमा भएको छ ।

### ४.१ सिकाइ उपलब्धिको अवस्था

नमूना क्षेत्रको रुपमा मोरङ जिल्लाको इन्द्रपुर स्रोत केन्द्रका ४ सामुदायिक विद्यालयहरूको २०६७ को नियमित तर्फको प्रवेशिका नतिजाको उपलब्धिलाई लैङ्गिक आधारमा सङ्कलन गरिएको छ । यसको आधारमा प्राप्त तथ्याङ्क अवस्थालाई तालिका र स्तम्भ चित्रमा प्रस्तुतिकरण गरिएको छ ।

तालिका नं. १, छनौटमा परेका विद्यालयहरूको लैङ्गिक आधारमा सिकाइ उपलब्धिको अवस्था विवरण

| क्र.सं. | विद्यालयको नाम | विद्यार्थी सङ्ख्या | | | | | उत्तीर्ण प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | | सामेल | उत्तीर्ण | | अनुत्तीर्ण | | | |
| | | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| १ | श्री कसेनी उच्च मा.वि. बुधबारे-८, मोरङ | ६७ | ८ | १० | १८ | ३१ | ३०.७ | २४.३९ |
| २ | श्री भगवती उच्च मा.वि. बेलबारी-२, मोरङ | १६५ | ८ | ४ | ७४ | ७९ | ९.७५ | ४.८१ |
| ३ | श्री सुकुना उच्च मा.वि. इन्द्रपुर-३, मोरङ | २०१ | ३६ | २० | ५७ | ८८ | ३८.७० | १८.५१ |
| ४ | श्री शिक्षा निकेतन मा.वि. मृगौलियाा-९, मोरङ | ४९ | १९ | १७ | ५ | ८ | ७९ | ६८ |

**स्रोत : एस.एल.सी. मार्क लेजर २०६७**

माथिको तालिकाको सिकाइ उपलब्धिलाई स्तम्भ चित्र नं. १ मा देखाउँदा

माथिको तालिकालाई लैङ्गिक आधारमा प्राप्त २०६७ सालको नियमित तर्फको प्रवेशिका परीक्षाको विद्यालयगत उपलब्धि माथि लेखाजोखा गर्दा श्री कसेनी उच्च मा.वि. को कूल समावेश भएका ६७ विद्यार्थी मध्ये छात्र सङ्ख्या २६ र छात्रा सङ्ख्या ४१ रहेको पाइन्छ जस्मा एस.एल.सी. सफल विद्यार्थी छात्र ८ र छात्रा १० देखिन्छन् । जसलाई प्रतिशतमा लैजादा कूल छात्र विद्यार्थी सङ्ख्यालाई सय मान्दा छात्र उत्तीर्ण प्रतिशत ३०.७६ हुन जान्छ भने छात्रा उत्तीर्ण प्रतिशत २४.३९ मात्र हुन जान्छ । यी दुबै बीचको अन्तर ६.३७ हुन जान्छ ।

त्यसरी नै श्री भगवती उच्च मा.वि.को २०६७ को प्रवेशिका उपलब्धि लेखाजोखा गर्दा कूल प्रवेशिकामा सहभागी सङ्ख्या १६५ रहेको पाइन्छ जसमा छात्रहरूको सङ्ख्या ८२ र छात्राहरूको सङ्ख्या ८३ रहेको पाइन्छ । जसमा छात्रहरूको उत्तीर्ण सङ्ख्या ८ र छात्राहरूको ४ मात्र देखिन्छ । जसलाई प्रतिशतमा लैजादा छात्रहरू उत्तीर्ण प्रतिशत ९.७५ र छात्राहरू ४.८१ प्रतिशत रहेको पाइन्छ जसमा दुवैको अन्तर ४.९४ हुन आउँछ ।

त्यस्तै सुकुना उच्च मा.वि.को प्रवेशिका परीक्षा उपलब्धिलाई केलाउदा कूल विद्यार्थी सङ्ख्या २०१ रहेको पाइन्छ जसमा छात्रहरू ९३ र छात्राहरू १०८ देखिन्छन् । जसमा छात्रहरू ३६ जना र छात्राहरू २० जना उत्तीर्ण भएका छन् ।

यसमा छात्र उत्तीर्ण प्रतिशत ३८.७० र छात्रा उत्तीर्ण प्रतिशत १८.५१ रहेको छ । जसमा छात्र र छात्राको उपलब्धि अन्तरलाई हेर्दा छात्रहरू भन्दा छात्राहरू २०.१९ प्रतिशत न्यून रहेको पाइन्छ ।

त्यसरी नै शिक्षा निकेतनको प्रवेशिका परीक्षा २०६१ मा सहभागी कूल विद्यार्थी सङ्ख्या ४९ रहेको पाइन्छ । जसमा छात्रा २५ र छात्र २४ रहेको देखिन्छ । यसको उत्तीर्ण सङ्ख्यालाई हेर्दा छात्रा १७ र छात्र १९ जना रहेको पाइयो जसलाई उत्तीर्ण प्रतिशतमा लैजादा छात्र ७९ प्रतिशत र छात्रा ६८ प्रतिशत रहेको छ । जस बीचको अन्तर ११ प्रतिशत कमी रहेको पाइन्छ ।

यसरी माथिका सबै विद्यालयको उपलब्धिलाई केलाउदा प्रत्येक विद्यालयमा केटाहरूको तुलनामा केटीहरू बढी असफल भएका र केटाहरूको सफलता प्रतिशत बढी रहेको देखिन्छ । जसको कारण लैङ्गिक विभेद रहनु हो ।

### ४.१.१ लैङ्गिक आधारमा विद्यार्थीहरूको प्रवेशिका परीक्षामा औषत उपलब्धि

छनौटमा परेका श्री कसेनी उच्च मा.वि. बुधवारे-२, श्री भगवती उच्च मा.वि. बेलबारी-३, श्री सुकुना उच्च मा.वि. इन्द्रपुर-३ । श्री शिक्षा निकेतन मा.वि. सलकपुर-९ का छनौटमा परेका छात्र/छात्राहरुको औषत उपलब्धि अवस्था कस्तो छ ? भन्ने वारेमा ती विद्यालयहरूबाट तथ्याङ्क संकलन गरिएको छ । प्राप्त भएका तथ्याङ्कहरूलाई तल तालिकामा राखी प्रस्तुत गरिएको छ ।

तलिका नं. २, छनौटमा परेका छात्र/छात्राहरुको प्रवेशिक परीक्षाको, औषत उपलब्धि अवस्था

| क. सं. | विद्यालयको नाम | विद्यार्थी सङ्ख्या | | प्राप्ताङ्क योग | | औषत उपलब्धि प्रतिशतमा | |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| १ | श्री कसेनी उच्च मा.वि. | १ | १ | ३९० | ३८५ | ४८:७५ | ४८:१२ |
| २ | श्री भगवती उच्च मा.वि. | १ | १ | ३६० | ३४० | ४५ | ४२:५ |
| ३ | श्री सुकुना उच्च मा.वि | १ | १ | ४४० | ३१५ | ५५ | ३९ |
| ४ | श्री शिक्षा निकेतन मा.वि. | १ | १ | ४०१ | ४१० | ५० | ५१ |

स्रोत : विद्यालय मार्कलेजर २०६७

माथिको तालिकामा भने कसेनी मा.वि. का छात्रको कुल प्राप्ताङ्क ३९० रहेको छ भने छात्राको ३८५ मात्र देखिन्छ। जसको औषत उपलब्धि क्रमशः ४८:७५ र ४८:१२ देखिन्छ। यी दुवै बीचको अन्तर ६३ प्रतिशत हुन्छ। श्री भगवती उच्च मा.वि. का छात्रको कुल प्राप्ताङ्क ३६० रहेको छ भने छात्राको ३४० अङ्क रहेको छ जसको औषत उपलब्धि ४५ प्रतिशत र ४२:५ प्रतिशत छ। यी दुवैमा प्रतिशतको भिन्नता हुनजान्छ। त्यस्तै श्री सुकुना उच्च मा.वि.का छात्रको कुल प्राप्ताङ्क ३४० रहेको छ भने छात्राको ३१५ मात्र रहेको छ यी दुवैमा औषत उपलब्धि प्रतिशत क्रमश ५५ र ३९ प्रतिशत हुन जान्छ जुन दुवै बीचको अन्तर १६ प्रतिशत हुनजान्छ। श्री शिक्षा निकेतन मा.वि. का छात्र ले ४०१ अङ्क ल्याएका छन् भने छात्राले ४१० अङ्क ल्याएकी छन्। यी दुवैको औषत प्रतिशत र क्रमश ५० र ५१ हुन जान्छ जसमा छात्रको भन्दा छात्राको १ प्रतिशत बढी देखिन्छ।

यसरी माथिको समग्र सिकाइ उपलब्धिलाई केलाउँदा शिक्षा निकेतन मा.वि. भन्दा अरु सबै विद्यालयमा छात्रा सिकाइ उपलब्धि न्यून रहेको पाइन्छ। यसो हुनु पछाडि लैङ्गिक विभेद कै रुपमा लिन सकिन्छ।

### ४.१.२ लैङ्गिक आधारमा गणित विषयको सिकाइ उपलब्धि

छनौट गरिएका प्रत्येक विद्यालयका एक छात्र / एक छात्राले गणित विषयमा प्राप्त गरेको सिकाइ उपलब्धिलाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३, छनौटमा परेका विद्यार्थीहरूले लैङ्गिक आधारमा गणित विषयमा प्राप्त गरेको सिकाइ उपलब्धि विवरण

| **क्र. सं.** | **विद्यालयको नाम** | **विद्यार्थी सङ्ख्या** | | **प्राप्ताङ्क** | |
|---|---|---|---|---|---|
| | | **छात्र** | **छात्रा** | **छात्र** | **छात्रा** |
| १ | श्री कसेनी उच्च मा.वि. बुधबारे-८, मोरङ | १ | १ | २४ | २७ |
| २ | श्री भगवती उच्च मा.वि. बेलबारी-२, मोरङ | १ | १ | २२ | १७ |
| ३ | श्री सुकुना उच्च मा.वि. इन्द्रपुर-३, मोरङ | १ | १ | ४३ | २५ |
| ४ | श्री शिक्षा निकेतन मा.वि. मृगौलियाा-९, मोरङ | १ | १ | २७ | ४१ |
| ५ | कुल | | | ११६ | ११० |
| ६ | औसत प्रतिशतमा | | | २९ | २७.५ |

**स्रोत : एस.एल.सी. मार्कलेजर, २०६७**

माथिको तालिकामा छनौटमा परेका १ छात्र र १ छात्राले गणित विषयमा प्राप्त गरेको प्राप्ताङ्क अवस्थालाई देखाइएको छ । जसमा श्री कसेनी उच्च मा.वि. बुधबारे-८, मोरङका छात्राले २४ अङ्क प्राप्त गरेको छन् भने सोही विद्यालयकी छात्राले २७ अङ्क ल्याएर ३ अङ्कको फरकले उछिनेकी छिन् । श्री भगवती उच्च मा.वि. मा भने छात्रले २२ अङ्क ल्याएका छन् तर छात्राले १७ अङ्क मात्र ल्याएकी छन् जस्को अन्तर ५ अङ्कको हुन जान्छ । त्यस्तै श्री सुकुना उच्च मा.वि. का छात्रले ४३ अङ्क ल्याइ सफलता हासिल गरेका छन् भने सोही विद्यालयका छात्राले २५ मात्र अङ्क ल्याएर असफल भएकी छन् । यी दुवैको मार्क अन्तर १८ रहेको पाइन्छ । त्यस्तै श्री शिक्षा निकेतन मा.वि. का छात्रले २७ अङ्क

ल्याएका छन् भने छात्राले ४१ अङ्क ल्याइ सफल भएका छन् । यी दुवैको मार्क अन्तरलाई हेर्दा १४ अङ्कको फरक देखिन्छ । माथि दुवै छात्र र छात्राले प्राप्त गरेको कुल अङ्कका आधारमा औसत अवस्थालाई हेर्दा छात्रहरूको २९ प्रतिशत र छात्राहरूको २७.५ प्रतिशत देखिन्छ जुन छात्र र छात्रा बीचको अन्तर १.५ प्रतिशत देखिन्छ ।

यसलाई वृत्त चित्र नं. २ मा हेर्दा

यसरी नारी र पुरुष समाजका एक रथका दुई पाङ्ग्रा हुन । उनीहरू दुवैले समान अवसर र सफलताको सुनिश्चितताले मात्र समाज विकासको गतिलाई अगाडि बढाउन मद्धत पुग्दछ । छात्रहरूको तुलनामा छात्राहरूको सङ्ख्या कमी देखिएपनि परिमाणात्मक अवस्था न्यून रहेको पाइयो । यसो हुनुको पछाडि उनीहरू प्रति हेर्ने दृष्टिकोण, पितृसत्तात्मक सोच जस्ता पक्षहरूले लैङ्गिकविभेदका कारण छात्राहरूको सिकाइ उपलब्धि न्यून रहेको मान्न सकिन्छ ।

### ४.१.३ जातीय आधारमा सिकाइ उपलब्धि

छनौटमा परेका विद्यार्थीहरूले जातीय आधारमा प्राप्त गरेको प्राप्ताङ्कलाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४, छनौटमा परेका विद्यार्थीहरूको जातीय आधारमा सिकाइ उपलब्धि अवस्था

| क्र.सं. | विद्यालयको नाम | जाति | | | | | | प्राप्ताङ्क | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दलित | | जनजाति | | ब्राह्मण/ क्षेत्री | | छात्र | छात्रा | छात्र | छात्रा |
| | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | | | | |
| १ | श्री कसेनी उच्च मा.वि. | - | - | १ | १ | १ | - | ३९० | ३८५ | ४८.७५ | ४८.१२ |
| २ | श्री भगवती उच्च मा.वि. | - | - | १ | - | - | - | ३६० | ३४० | ४५ | ४२.५ |
| ३ | श्री सुकुना उच्च मा.वि. | - | १ | - | - | १ | - | ४४० | ३१५ | ५५ | ३९ |
| ४ | श्री शिक्षा निकेतन मा.वि. | - | - | | | १ | १ | ४०१ | ४१० | ५० | ५१ |

स्रोत : स्थलगत सर्वेक्षण

मथिको तालिकालाई केलाउदा कसेनी उच्च मा.वि. मा जनजाति छात्रको सिकाइ उपलब्धि ३९० छ भने छ भने जनजाति कै छात्राको सिकाइ उपलब्धि ३८५ रहेको छ। जसलाई प्रतिशतमा लैजादा ४५.७५ र ४८.१२ रहेको छ जसको अन्तर २.३७ प्रतिशत हुन जान्छ। श्री भगवती उच्च मा.वि. को जनजाति छात्रको प्राप्ताङ्क ३६० छ भने सोही विद्यालयका ब्राह्मण समुदायकी छात्राको प्राप्ताङ्क ३४० देखिन्छ जसलाई प्रतिशतमा हेर्दा क्रमश ४५.८ र ४२.५ हुनजान्छ र यी दुवैको अन्तर ३.३ प्रतिशत रहेको पाइन्छ। श्री सुकुना उच्च मा.वि. को दलित छात्राको सिकाइ उपलब्धि ३१५ रहेको पाइन्छ भने ब्राह्मण समुदायका छात्रको सिकाइ उपलब्धि ४४० रहेको देखिन्छ। यी दुवैलाई प्रतिशत लैजादा क्रमश ५५ र ३९ प्रतिशत हुनआउँछ। यी दुवै बीचको अन्तर १६ प्रतिशत हुनजान्छ। त्यस्तै श्री शिक्षा निकेतन मा.वि.का जनजाति समुदायका छात्राको सिकाइ उपलब्धि ४१० र ब्राह्मण समुदायका छात्रले ४०१ अङ्क ल्याएका छन्। यी दुवैलाई प्रतिशतमा हेर्दा क्रमश ५० र ५१ प्रतिशत हुन जान्छ यी दुवै बीचको अन्तर १ प्रतिशत बढेको देखिन्छ।

यसरी माथिको तालिकालाई समष्ठिगत रुपमा केलाउँदा जनजाति छात्र भन्दा जनजाति छात्राको सिकाइ उपलब्धि क्रम ब्राह्मण समुदाय छात्र भन्दा छात्राको अवस्था कमजोर देखिन्छ भने सबै भन्दा दलित छात्राहरूको सिकाइ उपलब्धि न्यून रहेको पाइन्छ ।

आज नारीवाद एउटा राष्ट्रिय तथा अन्तराष्ट्रिय बहस बनेतापनि आर्थिक, सामाजिक, शैक्षिक, सास्कृतिक तथा राजनीतिक क्षेत्रबाट भूमिका प्रदान गर्ने अवसर तथा सिकाइ उपलब्धि अवस्था पुरुष भन्दा तुलनात्मक रुपमा पछाडि नै रहेको छ ।

## ४.२ लैङ्गिक आधारमा सिकाइ उपलब्धिको विश्लेषण

छात्राहरुको सिकाइ उपलब्धिमा विद्यालयसँग सम्बन्धित विभिन्न पक्षहरूले महत्वपूर्ण भूमिका खेल्ने हुनाले यस अध्ययनका लागि छनौट गरिएका ४ सामुदायिक विद्यालयका विद्यालय प्रधानाध्यापकहरूसँग विद्यालयको भौतिक पक्ष लैङ्गिक पक्ष र शैक्षिक पक्षसँग सम्बन्धित प्रश्नावली र छनौटमा परेका विद्यालयका अभिभावकसँग पारिवारिक पक्ष, सामाजिक पक्ष र शैक्षिक पक्षसँग सम्बन्धित प्रश्नावली निर्माण गरी प्रश्नावली मार्फत आएका धारणाहरूलाई तालिकामा प्रस्तुत गरी तिनलाई प्रतिशतमा बदली प्रत्येक पक्षको क्रमश व्याख्या र विश्लेषण गरी निश्कर्षमा पुगिएको छ ।

### ४.२.१ छात्राको सिकाइ उपलब्धिमा लैङ्गिक विभेदको प्रभाव

छनौटमा परेको ४ सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूसँग सिकाइ उपलब्धिमा विद्यालयको भौतिक पक्ष, लैङ्गिक र शैक्षिक पक्षले के-कस्तो प्रभाव पारेको छ भनी सबै पक्षसँग सम्बन्धित छुट्टा छुट्टै रुपमा जम्मा १५ प्रश्नावली तालिकामा निर्माण गरी प्राप्त भएका तथ्यहरुलाई प्रतिशतमा बदली क्रमश व्याख्या र विश्लेषण अनुच्छेदमा गर्ने प्रयास गरिएको छ ।

### ४.२.१.१ भौतिक पक्ष

छनौटमा परेको ४ सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूका लागि भौतिक पक्षसँग सम्बन्धित ४ प्रश्नावली छन् जसलाई तल तालिकामा प्रस्तुत गरी व्याख्या र विश्लेषण गरिएको छ ।

तलिका नं. ५, भौतिक पक्ष

| क्र.सं. | कथन | प्रतिक्रियाको वर्गीकरण | सङ्ख्यामा | प्रतिशत |
|---|---|---|---|---|
| १ | तपाईंको विद्यालयमा आवश्यक मात्रामा, खाने पानी, पुस्तकालय, शौचालय, व्यवस्था छ ? | (क) छ | २ | ५० |
| | | (ख) केही मात्र छ | २ | ५० |
| | | (ग) छैन | - | - |
| | | (घ)अन्य | - | - |
| २ | विद्यालयमा विद्यार्थी माग अनुसारका पुस्तक, पुस्तकालय छ ? छैन भने किन छैन ? | (क) राम्रो ५ | १ | २५ |
| | | (ख) सन्तोषजनक छ | ३ | ७५ |
| | | (ग) आवश्यकता भन्दा कमी छ | - | - |
| ३ | विद्यालयमा कक्षा कोठा, डेक्स, बेन्चको अवस्था कस्तो छ? | (क) राम्रो छ | १ | २५ |
| | | (ख) सन्तोषजनक छ | ३ | ७५ |
| | | (ग) आवश्यकता भन्दा कमी छ | - | ५० |
| ४ | विद्यालयको भौतिक पक्षको सामाग्री जुटाउनु पर्दा के गर्नु हुन्छ ? | (क) समुदायलाई अनुदान | २ | ५० |
| | | (ख) विद्यालयको कोषबाट खर्च | २ | - |
| | | (ग) खर्च नगरी काम चलाउनु | - | - |
| | | अन्य | - | - |
| ५ | तपाईंको विद्यालयमा खेलकुद सामाग्रीको अवस्था कस्तो छ ? | (क) पर्याप्त छ | - | - |
| | | (ख) कमजोर छ | ४ | १०० |
| | | (ग) छँदै छैन | - | - |
| | | (घ) अन्य | - | - |

मथिको तालिकामा विद्यालयमा आवश्यक मात्रामा खानेपानी, पुस्तकालय, शौचालयको व्यवस्था छ ? भन्ने प्रश्नको उत्तर २ जना अथवा ५०% ले छ भनेर आफ्नो प्रतिक्रिया देखाए भने २ जना अथवा ५० प्रतिशतले केही मात्र छ भन्ने पक्षमा आफ्नो मत जाहेर गरे । विद्यालयमा विद्यार्थीको माग अनुसारका पुस्तक, पुस्कालयको व्यवस्था छ ? छैन भने किन छैन ? भन्ने प्रश्नको जवाफमा ४ जना अथवा १०० प्रतिशतले नै पैसाको अभावमा विद्यालयमा विद्यार्थीको माग पुरा हुन नसेकेको भनि प्रतिक्रिया दिए । विद्यालयमा कक्षा कोठा, डेक्स बेन्चको अवस्था कस्तो छ ? भनि राखिएको प्रश्नमा सन्तोष जनक छ मा १ जना अथवा २५ प्रतिशत र आवश्यकता भन्दा कमी र मा ३ जना अथवा ७५ प्रतिशतले आवश्यकता भन्दा कमी छ भनी आफ्नो मत जाहेर गरे । विद्यालयको भौतिक पक्षको सामाग्री जुटाउन पर्दा के गर्नुहुन्छ ? भन्ने प्रश्नको जवाफमा २ जना अथवा ५० प्रतिशतले समुदायलाई आव्हान गर्छु भनी प्रतिक्रिया दिए भने २ जना अथवा ५० प्रतिशतले विद्यालयको कोषबाट खर्च गर्छु भनि आफ्नो मत जाहेर गरे । त्यस्तै विद्यालयमा खेलकुद सामाग्रीको अवस्था कस्तो छ ? भन्ने प्रश्नको जवाफमा ४ जना अथवा १०० प्रतिशतले नै कमजोर रहेको कुरा जाहेर गरे ।

### ४.२.१.२ लैङ्गिक पक्ष

विद्यालयहरूको लैङ्गिक अवस्था, समस्या र समाधानका उपायहरू सम्बन्धमा सम्बन्धित विद्यालयका प्र.अ. हरूसँग सम्बन्धित ५ प्रश्नावली राखिएका थिए र ती प्रश्नावलीको व्याख्या र विश्लेषण तल लिइएको छ ।

तालिका नं. ६, लैङ्गिक पक्ष

| क्र.सं. | कथन | प्रतिक्रियाको वगीकरण | सङ्ख्यामा | प्रतिशत |
|---|---|---|---|---|
| १ | तपाईंको विद्यालयमा छात्र/ छात्रा कसको सङ्ख्या बढी छ ? | (क) छात्र | १ | २५ |
| | | (ख) छात्रा | १ | ५० |
| | | (ग) वरावरी | १ | २५ |
| २ | तपाईंको विद्यालयमा छात्र/छात्राको नियमित उपस्थिति कस्तो छ ? | (क) छात्रको वढी | ३ | ७५ |
| | | (ख) छात्राको बढी | - | - |
| | | (ग)दुवैको सन्तोषजनक | १ | २५ |
| ३ | कक्षाकोठाको व्यवस्थापन कसरी गर्नुभएको छ ? | (क)छात्र/छात्राहरूलाई छुट्टा छुट्टै राखेर | ४ | १०० |
| | | (ख)छात्र/छात्राहरूलाई मिलाएर | - | - |
| | | (ग) अन्य | - | - |
| ४ | लैङ्गिक विभेदको अन्त्यका लागि कस्तो भूमिक बढी हुन्छ भन्ने ठान्नु हुन्छ ? | (क) शिक्षक | - | - |
| | | (ख) अभिभावक | १ | २५ |
| | | (ग) सरकार | ३ | ७५ |
| | | (घ) विद्यार्थी | - | - |
| ५ | लैङ्गिक विभेदको अन्त्यमा लागि के गर्नुर्ला ? | (क)सकारात्मक सोचको विकास गरेर | - | - |
| | | (ख)कानूनको प्रभावकारी कार्यन्वयन गरेर | २ | ५० |
| | | (ग) महिलालाई विशेष सुविधा प्रदान गरेर | १ | २५ |
| | | (घ) सचेतनामूलक कार्यक्रम सञ्चालन गरेर | १ | २५ |

तपाईंको विद्यालयमा छात्र/छात्रा कसको सङ्ख्या बढी छ ? भन्ने प्रश्नको उत्तर १ जना अथवा २५ प्रतिशतले छात्र, २ जना अथवा ५० प्रतिशतले छात्रा र १ अथवा २५ प्रतिशतले दुवै बराबरीमा आफ्नो मत जाहेर गरे । तपाईंको विद्यालयमा छात्रा/ छात्राको नियमित उपस्थित कस्तो छ ? भन्ने प्रश्न प्रश्नको उत्तरमा ३ जना अथवा ७५ प्रतिशतले छात्रको बढी भन्ने पक्षमा आफ्नो मत जाहेर गरे भने १ जना अथवा २५ प्रतिशतले दुवैको सन्तेषजनक छ भन्ने पक्षमा आफ्नो अभिमत राखे । कक्षा कोठाको व्यवस्थापन कसरी गर्नु भएको छ ? भन्ने प्रश्नको उत्तरमा छात्र /छात्राहरूलाई छुट्टा छुट्टै राखेर भन्ने पक्षमा भारी मत ४ जना अथवा १०० प्रतिशतले आफ्नो प्रतिक्रिया दिए । लैङ्गिक विभेदको अन्त्यमा लागि कसको भूमिका बढी हुन्छ भन्ने ठान्नु हुन्छ ? भन्ने प्रश्नको उत्तरमा अभिभावकको भन्ने पक्षमा १ जना अथवा २५ प्रतिशतले आफ्नो अभिमत राखे भने सरकारको भन्ने पक्षमा ३ जना अथवा ७५ प्रतिशतले आफ्नो धारणा व्यक्त गरे ।

लैङ्गिक विभेदको अन्त्यमा लागि के गर्नु पर्ला ? भन्ने प्रश्नको उत्तरमा कानूनको प्रभावकारी कार्यन्वयन गरेर भन्ने पक्षमा २ जना अथवा ५० प्रतिशतले आफ्नो मत जाहेर गरे भने महिलालाई विशेष सुविधा दिएर भन्ने पक्षमा १ जना अथवा २५ प्रतिशतले र सचेतनामूलक कार्यक्रम सञ्चालन गरेर भन्ने पक्षमा १ अथवा २५ प्रतिशतले आफ्नो प्रतिक्रिया व्यक्त गरे ।

### ४.२.१.३ शैक्षिक पक्ष

लैङ्गिक आधारमा देखिने सिकाइ उपलब्धिमा फरक, त्यहाँ रहेका समस्या र समाधानका उपायका सम्बन्धमा सम्बन्धित विद्यालयका प्रधानाध्यापकसँग शैक्षिक पक्षसँग सम्वन्धित राखिएका प्रश्नावलीको व्याख्या तल दिइएको छ ।

तालिका नं. ७, शैक्षिक पक्ष

| क्र.सं. | कथन | प्रतिक्रियाको वर्गीकरण | सङ्ख्यामा | प्रतिशत |
|---|---|---|---|---|
| १ | विद्यालयको गत शैक्षिक २०६७ को एस.एल.सी परीक्षाको परिणाम वाट सन्तुष्ट हुनुहन्छ ? | (क) छ | - | - |
| | | (ख) छैन | ३ | ७५ |
| | | (ग) ठिकै हो | १ | २५ |
| | | (घ) अन्य | - | - |
| २ | विद्यालयको एस.एल.सी. परीक्षाबाट यदि तपाइँ सन्तुष्ट हुनुहुन्न भने तपाइँ कुन कुरालाई दोष दिनु हुन्छ ? | (क) तालिका प्राप्त शिक्षकको अभाव | १ | २५ |
| | | (ख) प्रभावकारी शिक्षण सिकाइ क्रियाकलापको अभाव | २ | ५० |
| | | (ग)विद्यालय वातावरण नहुनु | १ | २५ |
| | | (घ) अन्य | - | - |
| ३ | छात्राहरूको सिकाइ उपलब्धि अवस्था कस्तो छ ? | क)अतिराम्रो | - | - |
| | | ख)राम्रो | - | - |
| | | ग) कमजोर | ३ | ७५ |
| | | घ) सन्तोषजनक | १ | २५ |
| ४ | छात्राहरूको सिकाइ उपलब्धि कम हुनको कारण के ठान्नुहुन्छ ? | क) छात्राहरू स्वभावैले कमजोर हुन्छन् | - | - |
| | | ख)पारिवारिक वातावरण | २ | ५० |
| | | ग) विद्यालय वातावरण | २ | ५० |
| | | घ) अन्य | - | - |
| ५ | तपाईंको बीचारमा विद्यालयमा शिक्षालाई प्रभावकारी बनाउन के गर्नुपर्दछ ? | क) पुस्तकालय हुनुपर्छ | - | - |

| | | | | |
|---|---|---|---|---|
| | | ख) तालिम प्राप्त शिक्षक र प्रभावकारी शिक्षण हुनुपर्छ | ३ | ७५ |
| | | ग) समुदायको सहयोग सुझाव आवश्यक छ । | १ | २५ |
| | | घ) अन्य | - | - |

गत शैक्षिक सत्र २०६७ को एस.एल.सी. परीक्षाको परिणाम बाट सन्तुष्ट हुनुहुन्छ ? भन्ने प्रश्नको उत्तरमा ३ जना अथवा ७५ प्रतिशतले छैन भन्नेमा प्रतिक्रिया दिए भने एक जना अथवा २५ प्रतिशतले सन्तोषजनक छ भन्ने पक्षमा मत जाहेर गरे । विद्यालयको एस.एल.सी. परीक्षामा यदि तपाईं सन्तुष्ट हुनु हुन्न भने कुन कुरालाई दोष दिनु हुन्छ ? भन्ने प्रश्नको उत्तरुमा १ जना अथवा २५ प्रतिशतले तालिम प्राप्त शिक्षक को, २ गुणा अथवा ५० प्रतिशतले प्रभावकारी शिक्षण सिकाइ क्रियाकलापको अभाव र १ जना अथवा २५ प्रतिशत विद्यालय वातावरण नहुनमा आफ्नो मत जाहेर गरे ।

विद्यालयमा छात्राहरूो सिकाइ उपलब्धि अवस्था कस्तो छ ? भन्ने प्रश्नको उत्तरमा ३ जना अथवा ७५ प्रतिशतले कमजोर छ भन्ने पक्षमा र १ जना अथवा २५ प्रतिशतले सन्तोषजनक छ भन्ने पक्षमा आफ्नो प्रतिक्रिया व्यक्त गरे । छात्राहरूको सिकाइ उपलब्धि कम हुनुको कारण के ठान्नुहुन्छ ? भन्ने प्रश्नको जवाफमा २ जना अथवा ५० प्रतिशतले पारिवारिक वातावरणलाई औंल्याए भने २ जना अथवा ५० प्रतिशतले विद्यालय वातावरणमा आफ्नो मत जाहेर गरे ।

तपाईंको बीचारमा विद्यालय शिक्षालाई प्रभावकारी बनाउँन के गर्नुपर्छ ? भन्ने प्रश्नको जवाफमा ३ जना अथवा ७५ प्रतिशत ले तालिम प्राप्त शिक्षक र प्रभावकारी शिक्षण हुनु पर्दछ भन्ने पक्षमा र १ जना अथवा २५ प्रतिशतले समुदायको सहयोग र सुझाव आवश्यक छ भन्ने पक्षमा आफ्नो धारणा राखे ।

### ४.२.२ छात्राहरुको सिकाइ उपलब्धिमा अभिभावक पक्षले पर्ने प्रभाव

लैङ्गिक विभेदको अन्त्य गरी सिकाइ उपलब्धि बृद्धि गर्न सकिन्छ भन्ने यस सोधपत्रको मूख्य उद्देश्य हो । छनौट गरिएका अभिभावकहरूसँग पारिवारिक पक्ष र शैक्षिक पक्ष अन्तर्गतका जम्मा १५ वटा प्रश्नावली मार्फत आएका प्रतिक्रियाका आधारमा व्याख्या र विश्लेषण तल गरिएको छ ।

#### ४.२.२.१ पारिवारिक पक्ष

छनौटमा परेको विद्यालयका अभिभावकसँग लैङ्गिक विभेद र सिकाइ उपलब्धिका सम्बन्धमा पारिवारिक पक्षको भूमिकासँग सम्बन्धित जम्मा ५ प्रश्नावली सोधिएका थिए र उक्त प्रश्नावलीको व्याख्या र विश्लेषण तल गरिएको छ ।

तलिका नं. ८, पारिवारिक पक्ष

| क्र.सं. | कथन | प्रतिक्रिया वर्गीकरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | बालबालिकाको पहिलो पाठशाला केलाई ठान्नुहुन्छ ? | क) विद्यालयलाई | १ | २५ |
| | | ख) घरलाई | २ | ५० |
| | | ग) समाजलाई | १ | २५ |
| | | घ) अन्य | - | - |
| २ | विद्यालयलाई प्रभावकारी बनाउँन अभिभावकको भूमिका कस्तो हुनु पर्छ ? | क) अत्यावश्यक | २ | ५० |
| | | ख) आवश्यक | २ | ५० |
| | | ग) त्यति आवश्यक मानिन्न | - | - |
| | | घ) अन्य | - | - |
| ३ | तपाईं विद्यालयमा कतिको जानु हुन्छ ? | क) बढी | - | - |
| | | ख) कम | ४ | १०० |
| | | ग) जाँदै जान्न | - | - |

| | | | | |
|---|---|---|---|---|
| ४ | घरायसी काममा बढी कसले सहयोग गर्छन ? | क) छोरा | १ | २७ |
| | | ख) छोरी | ३ | ७५ |
| | | ग) अन्य | - | - |
| ५ | घरमा छोरा/छोरीको पढाइमा कतिको ध्यान दिन हुन्छ ? | क) ध्यान दिन्छु | १ | २५ |
| | | ख) कम ध्यान दिन्छु | २ | ५० |
| | | ग) भ्याइदैन | १ | २५ |

बालबालिकाको पहिलो पाठशाला के लाई ठान्नु हुन्छ ? भन्ने प्रश्नको जवाफमा १ जना अथवा २५ प्रतिशतले विद्यालयलाई भनी आफ्नो मत राखे भने २ जना अथवा ५० प्रतिशतले उसको घरलाई आफ्नो प्रतिक्रिया दिए भने १ जना अथवा २५ प्रतिशतले समाजलाई पहिलो पाठशालाको रुपमा लिए ।

विद्यालयलाई प्रभावकारी बनाउन अभिभावकको भूमिका कस्तो हुन्छ ? भन्ने प्रश्नको जवाफमा २ जना अथवा ५० प्रतिशतले अत्यावश्यकमा आफ्नो मत जाहेर गरे भने २ जना अथवा ५० प्रतिशतले आवश्यक भूमिका हुन्छ भनी आफ्नो प्रतिक्रिया दिए । तपाईं विद्यालयमा कत्तिको जानुहुन्छ भन्ने प्रश्नमा ? ४ जना अथवा शत प्रतिशतले कम जान्छु भनी प्रतिक्रिया दिए । घरायसी काममा बढी कसले सहयोग गर्छन ? भन्ने प्रश्नको जवाफमा १ जना अथवा २५ प्रतिशतले छोराले भन्ने पक्षमा आफ्नो अभिमत राखे भने ३ जना अथवा ७५ प्रतिशतले छोरीले भन्ने पक्षम आफ्नो प्रतिक्रिया दिए । घरमा छोरा र छोरीको पढाइमा कतिको ध्यान दिनुहुन्छ ? भन्ने प्रश्नमा १ जना अथवा २५ प्रतिशतले ध्यान दिन्छु भन्ने पक्षमा, २ जना अथवा ५० प्रतिशतले कम ध्यान दिन्छु भन्ने पक्षमा र १ जना अथवा २५ प्रतिशतले भ्याइदैन भन्ने पक्षमा आफ्नो धारणा व्यक्त गर्नुभयो ।

### ४.२.२.२ सामाजिक पक्ष

अभिभावकहरूलाई  सामाजिक पक्षसँग सम्बधित जम्मा ५ प्रश्नाहरू सोधिएका थिए । जसलाई तालिकामा देखाइ व्याख्या र विश्लेषण तरी तल प्रस्तुत गरिएको छ ।

तालिका नं. ९, सामाजिक पक्ष

| क्र.सं. | कथन | प्रतिक्रियाको वर्गीकरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | समुदायमा छोरा/छोरी बिच भेदभाव छ भन्ने ठान्नु हुन्छ ? | क) भेदभाव छ | ४ | १०० |
| | | ख) भेदभाव छैन | | |
| | | ग) थाहा छैन | | |
| २ | तपाईँको टोलसमुदायमा भएको विद्यालय कस्तो छ ? | क) अति उत्तम | - | - |
| | | ख) उत्तम | १ | २५ |
| | | ग) मध्यम | ३ | ७५ |
| | | घ) कमजोर वा कामै नलाग्ने | - | - |
| ३ | लैङ्गिक विभेदको अन्त्य गर्न को बढी जिम्मेवारी रहन्छ ? | क) शिक्षक | - | - |
| | | ख) विद्यार्थी | - | - |
| | | ग)सरकार | ३ | ७५ |
| | | घ) समुदाय | १ | २५ |
| ४ | विद्यालयमा राजनीतिक गतिविधि कतिको हुन्छ ? | क) हुन्छ | २ | ५० |
| | | ख) हुँदैन | - | - |
| | | ग) थाहा छैन | २ | ५० |
| | | घ) अन्य | - | - |
| ५ | लैङ्गिक विभेदको अन्त्य गर्न के गर्नुपर्ला ? | क) चेतना फैलाउनु पर्छ | १ | २५ |
| | | ख) दण्डनीय बनाउनु पर्छ | २ | ५० |

| | | | | |
|---|---|---|---|---|
| | | ग) सकारात्मक सोचको विकास गर्नु पर्छ | १ | २५ |
| | | घ) अन्य | - | - |

माथिको तालिकामा समुदायम छोरी  छोरा बीच भेदभाव छ भन्ने ठान्नु हुन्छ ? भन्ने प्रश्नमा ४ जना अथवा १०० प्रतिशत ले भेदभाव छ भन्नेमा आफ्नो मत जाहेर गरे । तपाईंको समुदायमा भएको विद्यालय कस्तो छ ? भन्ने प्रश्नमा उत्तम भन्नेमा एक जना अथवा २५ प्रतिशतले आफ्नो धारणा राखे भने मध्यम भन्ने पक्षमा ३ जना अथवा ७५ प्रतिशतले आफ्नो अभिमत जाहेर गरे । लैङ्गिक विभेदको अन्त्य गर्न को बढी जिम्वेवारी रहन्छ ? भन्ने प्रश्नको उत्तरमा ३ जना अथवा ७५ प्रतिशतले सरकारको, १ जना अथवा २५ प्रतिशतले समुदायको भन्ने पक्षमा आफ्नो अभिमत राखे । विद्यालयमा राजनीतिक गतिविधि कतिको हुन्छ ? भन्ने प्रश्नमा २ जना अथवा ५० प्रतिशत हुन्छ भन्ने पक्षमा र २ जना अथवा ५० प्रतिशतले थाहा छैन भन्ने पक्षमा आफ्नो अभिमत दिए । लैङ्गिक विभेदको अन्त्य गर्न के गर्नुपर्ला ? भन्ने प्रश्नको जवाफमा चेतना फैलाउन पर्छ भन्ने पक्षमा १ जना अथवा २५ प्रतिशतले अभिमत राखे भने २ जना अथवा ५० प्रतिशतले दण्डनीय बनाउनु पर्छ भने भने १ जना अथवा २५ प्रतिशतले सकारात्मक सोचको विकास गर्नुपर्छ भन्ने पक्षमा आफ्नो प्रतिक्रिया दिए ।

### ४.२.२.३ शैक्षिक पक्ष

छनौट गरिएका विद्यालयका अभिभावकसँग आफ्ना छोरा/छोरीको सिकाइ उपलब्धिसँग सम्बन्धि जम्मा ५ प्रश्नहरू प्रश्नावली मार्फत सोधिएको थियो जसमा आएका प्रतिक्रियालाई तल व्याख्या र विश्लेषण गरिएको छ ।

तालिका नं. १०, शैक्षिक पक्ष

| क्र.सं. | कथन | प्रतिक्रिया वर्गीकरण | सङ्ख्यामा | प्रतिशत |
|---|---|---|---|---|
| १ | विद्यार्थीको पठनपाठनमा कतिको ध्यान दिन हुन्छ ? | क) ध्यान दिन्छु | १ | २५ |
| | | ख) कम ध्यान दिन्छु | २ | ५० |
| | | ग) फुर्सदै हुँदैन | १ | २५ |
| २ | तपाईँको छोरीको एस.एल.सी. परीक्षाफल कस्तो रहयो ? | क) सफल | १ | २५ |
| | | ख) असफल | ३ | ७५ |
| ३ | असफल रहनुमा कसलाई दोष दिनुहुन्छ ? | क)विद्यार्थीलाई | १ | २५ |
| | | ख) परिवारलाई | २ | ५० |
| | | ग) विद्यालयलाई | १ | २५ |
| ४ | सिकाइ उपलब्धि न्यून रहनुको कारण के ठान्नु हुन्छ ? | क)पाठ्यक्रम | १ | २५ |
| | | ख) शिक्षा नीति | २ | ५० |
| | | ग) विद्यार्थी | - | - |
| | | घ) शिक्षक | १ | २५ |
| ५ | विद्यार्थीको पढाई सुर्धान के गर्नुपर्छ ? | क) घरायसी काम घटाउनु पर्छ | - | - |
| | | ख) विद्यार्थी आँफै जागरुक बन्नु पर्छ | २ | ५० |
| | | ग) विद्यालय वातावरण सुर्धानु पर्छ | २ | ५० |
| | | घ) अन्य | - | - |

विद्यार्थीको पठनपाठनमा कत्तिको ध्यान दिनु हुन्छ ? भन्ने प्रश्नको जवाफमा १ जना अथवा २५ प्रतिशतले ध्यान दिन्छु भन्ने पक्षमा, २ जना अथवा ५० प्रतिशत कम ध्यान दिन्छु भन्ने पक्षमा र एकजना अथवा २५ प्रतिशत भ्याइदैन भन्ने पक्षम आफ्नो अभिमत जाहेर गरे । तपाईँको छोरीको एस.एल.सी. परीक्षाफल कस्तो रहयो ? भन्ने पक्षमा आफ्नो जवाफ १ जना अथवा २५ प्रतिशतले सफल रह्यो भन्ने पक्षमा आफ्नो जवाफ दिए भने ३ जना अथवा ७५

प्रतिशतले असफल रहेको कुरा जानकारी गराए । असफल रहनुमा कसलाई दोष दिनुहुन्छ ? भन्ने प्रश्नको जवाफमा १ जना अथवा २५ प्रतिशतले विद्यार्थीलाई, २ जना अथवा ५० प्रतिशतले परिवारलाई र १ जना अथवा २५ प्रतिशतले विद्यार्थीलाई औल्याए । सिकाइ उपलब्धि न्यून रहनुको कारण के ठान्नु हन्छ ? भन्ने प्रश्नको जवाफमा १ जना अथवा २५ प्रतिशतले विद्यार्थीलाई औल्याए । सिकाइ उपलब्धि न्यून रहनुको कारण के ठान्नु हुन्छ ? भन्ने प्रश्नको जवाफमा १ जना अथवा २५ प्रतिशतले पाठ्यक्रलाई कारण ठाने भने २ जना अथवा ५० प्रतिशतले शिक्षा नीति भन्ने पक्षमा आफ्नो धराणा राखे भने १ जना अथवा २५ प्रतिशतले शिक्षकमा आफ्नो अभिमत राखे । विद्यार्थीको पढाइ सुर्धान के गर्नुपर्ला ? भन्ने प्रश्नको जवाफमा २ जना अथवा ५० प्रतिशतले विद्यार्थी आँफै जागरुक बन्नुपर्छ भन्ने पक्षमा आफ्नो प्रतिक्रिया दिए भने २ जना अथवा ५० प्रतिशतले विद्यालय वातावरण सुर्धानु पर्छ भन्ने पक्षमा आफ्नो अभिमत जाहेर गरे ।

## ४.३ छात्राहरुको सिकाइ उपलब्धिका समस्याहरु

लैङ्गिक समानताका लागि समाजमा के कस्ता प्रकारका विभेदहरू छन् ? तीनको खोजी गर्नु पर्दछ ? लैङ्गिक विभेदका समस्याहरुको खोजी नगरी त्यसको अन्त्यका लागि उपायहरू सुझाउन सकिदैन । यसैले लैङ्गिक विभेदको खोजी भन्नाले समाजमा के कस्ता सामाजिक समूह भित्र स्रोत माथिको पहुँचको अवस्थामा नागरीकता, पैतृक सम्पत्ति माथिको अधिकार विवाह र सम्वन्ध बिच्छेदको अवस्था, शिक्षा र राजनीतिमा रहेको पहुँचको अवस्था पहिचानका लागि विद्यालय प्र.अ, अभिभावक, विद्यालय छात्रा र छात्रले औँल्याइएका समस्याहरुलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

### ४.३.१ विद्यालय प्र.अ. बाट औंल्याइएका समस्याहरू

छात्राहरुको सिकाइ उपलब्धिमा वृद्धि तव मात्र गर्न सकिन्छ जब महिला र पुरुषको समान पहुँच पुऱ्याउन सकिन्छ । परिवारमा बढी प्राथमिकता छोरालाई दिनु, छोरा नभए वंश नधान्ने सोचले ग्रसित बन्नु, घर परिवार सञ्चालनका निर्णयहरूमा पुरुषको प्रधानता रहनु, विद्यालय वातावरण विभेद रहित बन्न नसक्नु, आफ्ना केटा साथीहरूबाट हुने बढी हैरानी, घर परिवारमा बढी महिलालाई कार्यबोझ, गरिबी आदि रहेका छन् भने अर्को तर्फ छोरी अर्काको घर जाने जात भन्ने मान्यताले पनि बाबुआमाहरूले छोरीलाई पर्याप्त शिक्षामा लगानी गर्न चाहँदैनन । यसैगरी छोरीलाई परिवार वा समुदायभन्दा बाहिर गएर पढाउन नसक्ने सामजिक वा शिक्षित भनिने परिवारमा पनि देख्न सकिन्छ । समाजमा रहेको परम्परागत मान्यता, प्रचलन तथा संस्कारहरूका कारण लैङ्गिक रुपमा शिक्षामा महिला र पुरुषको समान पहुँच रहन नसकेको हो ।

### ४.३.२ विद्यालय अभिभावकबाट औंल्याइएका समस्याहरू

शिक्षा मानव विकासको एक द्योतकको रुपमा लिइन्छ । यसले व्यक्तिमा शिप तथा दक्षतामा वृद्धि गरी परिवर्तित वातावरणमा समायोजन गर्न मदत गर्दछ । यसै क्रममा इन्द्रपुर स्रोत केन्द्रका सामुदायिक विद्यालयका अभिभावकबाट औंल्याइएका कारणहरू यसप्रकार रहेका छन् ।

परम्परागत सोंच र चिन्तनबाट ग्रसित समाजमा सकारात्मक सोचको विकास गर्न कठिनाई भएको छ । धार्मिक अन्धविश्वास, पितृसतात्मक सोचका कारण उनीहरू समाजका हरेक क्षेत्रमा पछाडि रहेका छन् । विद्यालयका भौतिक सुविधा, शिक्षक वर्गबाट कम प्रोत्साहन, विद्यालय कक्षामा कम उपस्थिति आदि पक्षहरू एकातर्फ रहेका छन् भने राजनीतिक र प्रशासनिक क्षेत्रको सोच र व्यवस्थामा लैङ्गिक संवेदनशीलताको अभाव रहनु, महिला आन्दोलन एकीकृत बन्न नसक्नु, नागरीक समाज कमजोर हुनु, राजनीतिक द्वन्दबाट बढी महिलाहरू

प्रभावित हुनु, सरकारी कार्यक्रम टोकनका रुपमा मात्र सञ्चालित हुनु जसले गर्दा लक्षित समुदायमा खासै प्रभाव नदेखिनु जस्ता पक्षहरू लैङ्गिक विभेदका कारण बनेका छन् ।

### ४.३.३ छात्र र छात्राहरूबाट औंल्याइएका समस्याहरू

प्राकृतिक रुपमा मानिस महिला र पुरुषको रुपमा जन्म लिएको हुन्छ । यो लिङ्गभेद हो । प्रत्येक व्यक्तिमा रहेको जैविकीय विशेषताका आधारमा महिला वा पुरुष हो भन्ने कुरा सार्वभौम रुपमा छुट्याउन सकिन्छ । प्रकृतिले उनीहरूलाई छुट्टै जैविकीय अङ्ग दिएको मात्र हो तर सामाजिक र सास्कृतिक रुपमा छुट्टा छुट्टै भूमिका निर्वाह गर्ने गरी स्रोत साधनमा भिन्न भिन्न पहुँच र अधिकार दिने गरी सिर्जना गरेको होइन । हामी छोरीहरूले छोरा भन्दा बढी घरायसी काम गर्नु पर्ने, हामीले कापी कलम किताब माग्दा समयमा नल्याइदिने, घरदेखि बाहिर निक्लन नदिने, केटा साथीहरूसँग गफ गर्दा कुराकाट्ने, गुरुवर्गले पनि सिकाइ क्रियाकलापमा छात्र साथीहरूलाई बढी अवसर दिने, छुट्टै चर्पी, बस्ने बेन्चहरूको अभाव रहने, गृहकार्यहरू कम दिइने, दिएका गृहकार्यहरूको पनि कम जाँच गर्ने, छात्राहरूले बढी पछाडि बस्नुपर्ने, केटा साथीहरूले जिस्काउने, विद्यार्थी सङ्ख्याका कारण हल्ला हुने, शारीरिक कठिनाइका कारण विद्यालय कक्षा छाड्नु पर्ने कारणहरू उठाएका छन् भने छात्रले विधार्थी सङ्ख्याका कारण बढी हल्ला हुने, होमवर्क कम दिइने, दिइएको होमवर्क कम चेक गरिने, महिला शिक्षकले छात्राहरूलाई बढी प्राथमिकता दिने, साँघुरो कक्षा कोठाहरूका कारण बस्न र आवत जावतमा कठिनाइ हुने, खेल मैदानको अभाव भएको, केटा साथीहरूसँग बस्न लजाउने, सँगसँगै बस्न अप्ठ्यारो मान्ने, सँगै बसेमा अरुले गिज्याउने जस्ता कुराहरू औंल्याइएको छ ।

## ४.४ छात्राहरुको सिकाइ उपलब्धि बढाउने उपायहरू

लैङ्गिक विभेदको अन्त्य गरी सिकाइ उपलब्धिमा वृद्धि गर्ने उपायहरूको खोजी गर्ने क्रममा विद्यालय प्र.अ. विद्यालय छात्र, छात्रा, अभिभावक गरी १६ जनासँग सोधिएको प्रश्नको जवाफलाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं ११, छात्राहरुको सिकाइ उपलब्धि बढाउने उपायहरूको लागि सोधिएका प्रश्नावलीमा आएका जवाफहरू

| क्र.स. | जवाफ विवरण | जवाफ दिनेको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सकारात्मक सोचको विकास गर्नुपर्छ | ३ | १९ |
| २ | कानूनलाई प्रभावकारी कार्यन्वयन गर्नु गराउनु | ५ | ३१ |
| ३ | राज्यले छात्रालाई विशेष आर्कषक कार्यक्रमहरू घोषणा गरेर | ५ | १२.५ |
| ४ | स्थानीय सङ्घ संस्थाको भूमिकालाई प्रभावकारी बनाएर | २ | २५ |
| ५ | लैङ्गिक विभेदको अन्त्यका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेर । | २ | १२.५ |
| | जम्मा | १६ | १०० |

यसलाई वृत्तचित्र नं. ३ मा हेर्दा

माथिको तालिका र वृत्तचित्रको विश्लेषण गर्दा लैङ्गिक विभेदको अन्त्य गरी छात्राहरुको सिकाइ उपलब्धिमा वृद्धि गर्नका लागि विद्यालय प्र.अ., विद्यार्थी र अभिभावकसँग सोधिएका प्रश्नमा ३ जनाले महिलाहरू प्रति पुरातन सोच हटाइ सकारात्मक सोचको विकास गर्नुपर्छ भन्ने कुरामा जोडदिए भने ५ जनाले कानूनलाई प्रभावकारी ढङ्गले कार्यन्वयन गर्न गराउनु पर्ने कुरामा अभिमत जाहेर गरे । २ जनाले छात्राहरूलाई राज्यका तर्फबाट विशेष कार्यक्रम घोषणा गर्नु पर्ने राय व्यक्त गरे भने ४ जनाले स्थानीय सङ्घ संस्थालाई बढी सक्रिय बनाइ अगाडि बढ्नु पर्ने पक्षमा जोड दिए । त्यस्तै २ जनाले लैङ्गिक विभेदको अन्त्यको लागि जन जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेर अगाडि बढ्नु पर्ने कुरामा आफ्नो मत राखे । दिएका जवाफहरूलाई प्रतिशतमा ढाल्दा क्रमशः१९, ३१, १२.५, २५, १२.५ प्रतिशत हुन आउँछ । यसरी लैङ्गिक विभेद अन्त्यका लागि शिक्षक, अभिभावक बुद्धिजीवी, सामाजिक कार्यकर्ता, राजनीतिक दल, राज्य, स्थानीय सङ्घ संस्था आदिको सामूहिक प्रयत्नबाट जनचेतना, कानूनी व्यवस्थामा समान अवसर र अधिकारको सुनिश्चितताको विकास गरी सकारात्मक सोचको विकास गरेमा लैङ्गिक विभेदको अन्त्य गरी छात्राहरुको सिकाइ उपलब्धिमा वृद्धि गर्न सकिने देखिन्छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव

## ५.१ प्राप्ति

अनुसन्धानको क्रममा अध्ययन क्षेत्रमा गएर सङ्कलन गरिएका तथ्याङ्कहरूबाट निम्न कुराहरू प्राप्त भएको पाइन्छ ।

क) छात्रहरूको औसत सिकाइ उपलब्धि २९ प्रतिशत रहेको ।

ख) छात्राहरूको औसत सिकाइ उपलब्धि २७.५ प्रतिशत रहेको ।

ग) दुवै बीचको अन्तर १.५ प्रतिशत रहेको ।

घ) छात्रहरूको तुलनामा छात्राहरूको सङ्ख्या बढी रहेको ।

ङ) छात्राहरूको सिकाइ उपलब्धि सबै विद्यालयमा छात्र सङ्ख्याको तुलनामा कमी रहेको

च) विद्यालयमा भौतिक व्यवस्थापनको कमी रहेको ।

छ) तुलनात्मक रुपमा छात्राहरू छात्रहरूको तुलनामा कम उपस्थिति भएको ।

ज) विद्यालयहरूमा गरेर सिकको सिद्धान्तलाई कम महत्व दिएको ।

झ) छात्राहरूले खुलेर प्रश्न राख्न नसक्ने, गृहकार्य कम दिइने, दिएका गृहकार्यको जाँच नियमित नहुने अवस्था पाइयो ।

ञ) पितृसत्तात्मक सोँच र चिन्तनले वौद्धिक जगत पनि प्रभावित रहेको ।

ट) परम्परागत रुढीबादी बीचार, सामाजिक संस्कार जस्ता पक्षहरूले अभिभावकलाई ग्रसित बनाइएको ।

ठ) घरायसी काममा बढी छात्राहरू सहभागी रहेको ।

ड) पुरुषहरूको भन्दा महिलाहरू बढी काममा सहभागी भएको पाइन्छ ।

ढ) महिलालाई पुरुषहरूसँग निर्भर हुनुपर्ने अवस्था पाइयो ।

ण) पुरुष र महिलाको ज्यालामा असमानता भएको ।

त) ग्ल्यामर र विज्ञापनका क्षेत्रमा महिलाहरू अगाडि रहेको पाइयो ।

## ५.२ निष्कर्ष

क) छात्रहरूको तुलनामा छात्राहरूको सिकाइ उपलब्धि न्यून रहेकोले छात्रा सिकाइ उपलब्धिमा जोड दिनुपर्ने ।

ख) महिला र पुरुषको साक्षारता दरमा १२ प्रतिशतले फरक पाइन्छ ।

ग) छात्राको औषत भर्नादर छात्रको भन्दा बढी देखिन्छ ।

घ) घरायसी काम धन्दामा महिलाहरू बढी सक्रिय देखिन्छन् ।

ङ) छात्रहरूको तुलनामा छात्राहरूको सिकाइ उपलब्धि न्यून रहेको पाइन्छ ।

च) पितृसत्तात्मक सोच र चिन्तनले नेपाली समाज र स्वयम् महिलाहरू पनि ग्रसित देखिन्छन् ।

छ) महिला र पुरुष समान भनेर कागजमा लेखिएतापनि व्यवहारमा लागुभएको पाइन्न ।

ज) देशको साक्षरता प्रतिशत ५४ मध्ये ४२ प्रतिशत महिला साक्षरता रहेको पाइन्छ ।

झ) घर परिवार र समुदायमा महिलाहरूप्रति सकारात्मक दृष्टिकोणको अभाव पाइन्छ ।

ञ) माथिल्लो कक्षा आएपछि विद्यालय छाड्ने प्रतिशत छात्रहरूको तुलनामा छात्राहरू बढी पाइन्छ ।

ट) महिलाको संलग्नता सेवा क्षेत्रमा भन्दा अनुत्पादक क्षेत्रमा जस्तै कृषिक्षेत्रमा बढी रहेको पाइन्छ ।

ठ) ६ प्रतिशत जनसङ्ख्या लेख्न नजान्ने केवल पढ्न मात्र जान्ने मध्ये ८० प्रतिशत भन्दा बढी महिला नै देखिन्छ ।

ड) मोरङको साक्षरता प्रतिशत ५६.६३ रहेकोमा पुरुष तर्फ ६६.६७ प्रतिशत र महिला तर्फ ४६.४८ प्रतिशत देखिन्छ ।

ढ) सरकारी कार्यक्रम टोकनका रुपमा मात्र सञ्चालन हुदा अपेक्षित उपलब्धि हाँसिल गर्न नसकेको देखिन्छ ।

ण) संरचनात्मक परिवर्तनमा जोड दिने तर महिला सशक्तिकरण गर्ने र उनीहरूलाई सक्षम बनाउने दिशामा कम प्रयास हुनु र अझ महिलाहरूले उपलब्ध अवसरबाट फाइदा लिन नसक्नु ।

त) महिला समुदाय भित्र जातीय, जनजातीय तथा वर्गीय विभेद विद्यमान हुनु र सामाजिक, सांस्कृतिक, परम्परागत धार्मिक आस्थाहरूले गर्दा आम र पिछडिएका महिला समुदायको शिक्षामा कम पहुँच भएको पाइन्छ ।

थ) छोरीहरू विवाह गरेर अर्काको घर जाने जात भन्ने मानसिकताले छोरीहरूलाई बढी खर्च गर्न अभिभावकहरू रुचाउँदैन ।

## ५.३ सुझाव

लैङ्गिक विभेदको अन्त्य गरी छात्राहरूको सिकाइ उपलब्धिमा वृद्धि गर्न घर परिवारदेखि राज्यस्तरसम्म अवलम्वन गनुपर्ने सुझावहरू यसप्रकार रहेका छन् ।

क) छोरा र छोरी दुवै बराबरी हुन भन्ने सकारात्मक सोचको विकास गनुपर्ने ।

ख) विद्यालयमा विद्यार्थीहरूको सङ्ख्यालाई मध्यनजर राखी आवश्यकमात्रामा कक्षाकोठा, छात्र/छात्राका लागि छुट्टै शौचालय, फर्निचर पुस्तकालय, खाने पानी, शिक्षक दरबन्दिको व्यवस्था गरीनु पर्ने ।

ग) विद्यालयलाई राजनीति गर्ने थलो नबनाई शन्तिक्षेत्र घोषणा गनुपर्ने ।

घ) विद्यार्थी सङ्ख्याका आधारमा कक्षा सेक्सन छुट्याउनु पर्ने ।

ङ) नियमित गृहकार्य र दिएका गृहकार्यको नियमित जाँच गरीनु पर्ने

च) कक्षा शिक्षकले कक्षा व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने ।

छ) शिक्षक र विद्यार्थी बीच समधुर सम्बन्धको विकास गरीनु पर्ने ।

ज) गरेर सिकको सिद्धान्तलाई प्राथमिकता दिइनु पर्ने ।

झ) लैङ्गिक विभेदको अन्त्यको लागि सञ्चार माध्यमको भूमिकालाई प्रभावकारी प्रयोग गराइनु पर्ने ।

ञ) शिक्षाप्रेमी, समाजसेवीहरूलाई विभेदको अन्त्यका लागि आकर्षण गनुपर्ने ।

ट) छात्राहरूको सिकाइ उपलब्धिमा विशेष जोड दिनुपर्ने ।

ठ) बाल विवाह, बहुविवाहलाई दण्डनीय बनाउनु पर्ने ।

ड) महिला रोजगारको सिर्जनामा वृद्धि गरीनु पर्ने ।

ढ) महिलालाई घरायसी कामबाट बाहिर ल्याइ उनीहरूमा भएको योग्यता र क्षमतालाई अन्य क्षेत्रमा उपयोग गर्न विशेष आकर्षक कार्यक्रम ल्याइनु पर्ने ।

ण) महिला विभेदको अन्त्यको लागि राज्यको तर्फबाट विशेष कानूनको व्यवस्था गरी त्यसको प्रभावकारी कार्यन्वन गरीनु पर्ने ।

त) स्थानीय निकाय सङ्घसंस्थालाई लैङ्गिक विभेदको अन्त्यको लागि परिचालन गरीनु पर्ने

थ) विद्यालय अतिरिक्त क्रियाकलापलाई अगाडि बढाइ बाल प्रतिभाको विकासमा ध्यान दिनु पर्ने ।

द) विद्यार्थीको प्रगतिका लागि शिक्षक अभिभावक बीचको सम्बन्ध र सर्म्पक निरन्तर रुपमा हुनुपर्ने ।

ध) विद्यालयमा विषयवस्तु अनुसारको शैक्षिक सामाग्रीको व्यवस्था गरी त्यसको प्रभावकारी प्रयोग गरीनु पर्ने ।

न) राज्यको नीति निर्माणदेखि अन्य सबै क्षेत्रमा महिलाको सहभागीता, पहुँच र नियन्त्रण बढाइनुपर्ने ।

प) घरायसी कार्यदेखि घर बाहिरका कार्यसम्म उनीहरूको निर्णय प्रक्रिया तथा स्रोतको परिचालनसम्म पहुँच अभिवृद्धि गर्नुपर्ने ।

फ) पुरुष प्रधान अर्थात पितृसत्तात्मक सोच र संरचनाको अन्त्य गरीनु पर्ने ।

## सन्दर्भ सामग्री


आचार्य, बलराम (२०६७), *लैङ्गिक र महिला अध्ययन,* काठमाडौं : नेशनल बुक सेन्टर ।

आचार्य, दयाराम (२०६०), *प्राथमिक तहमा छात्राहरूले बीचैमा विद्यालय छोड्नका कारण,* सुर्खेत : शिक्षा शास्त्र संकाय, सुर्खेत बहुमुखी क्याम्पस (अप्रकाशित शोध कृति) ।

उपाध्याय, जागेश्वर (२०६२), *माध्यमिक तहको विद्यालयीय शिक्षामा छात्रा सहभागिता,* सुर्खेत : शिक्षा शास्त्र संकाय, सुर्खेत बहुमुखी क्याम्पस ( अप्रकाशित शोध कृति) ।

ओझा, सीता (२०६१), *महिला शिक्षक कुन्ज,* ७(६), २२, काठमाडौं : शिक्षक सङ्घ/संगठन संयुक्त महिला परियोजना ।

कानून किताब व्यवस्थापन समिति (२०४७) , *नेपाल अधिराज्यको संविधान* , २०४७, काठमाडौं : नेपाल सरकार कानून, न्याय तथा संसदीय मन्त्रालय ।

कानून किताब व्यवस्थापन समिति (२०६३) , *नेपालको अन्तरिम संविधान , २०६३,* काठमाडौं : नेपाल सरकार कानून , न्याय तथा संसदीय मन्त्रालय ।

काफ्ले, वासुदेव, ढकाल, हेमराज र अधिकारी, किसानप्रसाद ( २०६५), *शिक्षामा सामाजिक न्याय,* काठमाडौं : सनलाईट पब्लिकेशन ।

काफ्ले, वासुदेव र साथीहरू (२०६१), *शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, सिताराम ( २०६२), *शिक्षा प्रशासनका आयामहरू,* काठमाडौं : मकालु बुक्स एण्ड स्टेशनर्स ।

घिमिरे (भण्डारी), गंङ्गा (२०६१), *काठमाडौं जिल्लाका ग्रामीण भेगमा प्राथमिक तथा निम्न माध्यमिक तहको शिक्षामा छात्रा सहभागितामा समस्या र समाधानका उपाय, एक अध्ययन* (अप्रकाशित शोध कृति) ।

ढकाल माधवप्रसाद र कोइराला मातृकाप्रसाद (२०६३), *शिक्षाका आधारहरू,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

ढकाल, पद्मा (२०५७), *बालिका शिक्षा,* अगुवा शैक्षिक सहुलियत कार्यक्रम, महिला शिक्षा वर्ष १, अंक १ : शिक्षा विभाग महिला शिक्षा शाखा, भक्तपुर ।

नेपाल सरकार , शिक्षा मन्त्रालय (२०६५), *साक्षरता विशेषाङ्क* , अनौपचारिक शिक्षा केन्द्र, भक्तपुर ।

पाठयक्रम विकास केन्द्र (२०६६) , *सामाजिक अध्ययन* , नेपाल सरकार , पाठयक्रम विकास केन्द्र , भक्तपुर ।

पौडेल, मीना (२०५७), *महिलाहरूको राजनैतिक सहभागिताको रणनीति योजना* (अप्रकाशित कृति) ।

भट्टराई, डिल्लीराम (२०६७), *माध्यमिक तहमा महिला शिक्षकको शिक्षणमा सहभागिता,* मोरङ : शिक्षा शास्त्र संकाय, सुकुना बहुमुखी क्याम्पस, (अप्रकाशित शोध कृति) ।

मल्ल, सपना (२०५७), *महिलाहरूको राजनीतिक सहभागिताको रणनीति योजना* (अप्रकाशित कृति) ।

राई, राजकुमार (२०६६), *प्राथमिक तहमा महिला शिक्षकको उपस्थितिको प्रभाव,* मोरङ : शिक्षा शास्त्र संकाय, सुकुना बहुमुखी क्याम्पस (अप्रकाशित शोध कृति) ।

रेग्मी, संगीता (२०६१), *नेपालमा महिलाको स्थिति* , काठमाडौं : *महिला शिक्षा,* वार्षिक प्रकाशन, अनौपचारिक शिक्षा केन्द्र , शिक्षा विभाग ।

शिक्षा विभाग (२०६५), *लैङ्गिक समविकास शिक्षा* , भक्तपुर , शिक्षा विभाग ।

## छात्राको सिकाइ उपलब्धिमा लैङ्गिक विभेदको प्रभाव

## अनुसूची एक : प्रधानाध्यापकलाई सोधिने प्रश्नावली

विद्यालयको नाम र ठेगना :

शिक्षक तथा प्र.अ.को नाम थर :

तालिम :

योग्यता :

अनुभव :

१. तपाईंले अध्यापन गरेको विद्यालयमा छात्रा र छात्रा को बढी छन् ?

क) छात्रा ख) छात्र ग) बराबरी

२. छात्राहरूको कक्षा उपस्थिति कस्तो रहेको छ ?

क) अतिकम ख) कम ग) सन्तोषजनक

घ) बढी नै छ

३. कक्षा कोठाको व्यवस्थापन कसरी गर्नु भएको छ ?

क) छात्राहरूलाई छुट्टै राखेर ख) छात्र र छात्राहरूलाई मिसाएर राखेर

४. तपाईंको विद्यालयमा शिक्षक विद्यार्थीको अनुपात कस्तो छ ?

क) १.५० ख) १.७२ ग) १.७५ घ) १.४०

५. शिक्षक र विद्यार्थी बीचको अन्तरक्रिया कतिको गर्नु हन्छ ?

क) धेरै ख) अलिअलि ग) आवश्यकता अनुसार

६. विद्यालयको शैक्षिक क्यालेन्डरको निर्माण कसरी गर्नुहुन्छ ?

क) आँफैमात्र गर्नुहुन्छ

ख) विद्यालयका शिक्षक कर्मचारीलाई समावेश गर्नुहुन्छ

ग) अन्य

७. तपाईंलाई शिक्षण गर्नका लागि पर्याप्त शैक्षिक सामाग्री उपलब्ध छ ?

क) उपलब्ध छ　　　ख) उपलब्ध छैन　　　ग) अन्य

८. छात्राहरूको सिकाइ उपलब्धिको अवस्था कस्तो छ ?

क) अतिराम्रो　　ख) राम्रो　　ग) कमजोर　घ) सन्तोषजनक

९. यदी केटीको पढाइको अवस्था कमजोर भएमा त्यसको कारण के हुन सक्छ ?

क) पढाइमा ध्यान नदिएकाले　　ख) घरमा बढी काम गर्नु परेकाले

ग) अन्य कुनै कारण

१०. तपाईंको विद्यालयमा छुट्टै छात्रा ट्वाइलेटको व्यवस्था छ ?

क) छ　　　ख) छैन　　　ग) बनाउने तयारी हुदैछ

११. छात्राहरूको सिकाइ उपलब्धिमा प्रभाव पार्ने प्रमुख तत्व केलाई लिनु हुन्छ ?

क) घरायसी कार्य　　　ख) छात्राहरूको पढाइमा अरुची

ग) विद्यालय व्यवस्थापन　घ) लैङ्गिक विभेद

१२. विद्यालयको शैक्षिक सत्र २०६७ को एस.एल.सी. परीक्षाको परिणामबाट सन्तुष्ट हुनुहुन्छ ?

क) ठिकै हो　　ख) छैन　　　ग) सुधार गर्नु पर्ने देखिन्छ

१३. विद्यालयको एस.एल.सी. परीक्षाबाट यदि तपाईं सन्तुष्ट हुनुहुन्न भने कुन कुरालाई दोष दिनु हुन्छ ?

क) तालिम प्राप्त शिक्षकको अभाव　　ख) शैक्षिक सामग्रीको अभाव

ग) प्रभावकारी शिक्षण सिकाइ क्रियाकलापको अभाव　　घ) अन्य

१४. अभिभावक र शिक्षक बीचको भेटघाट कतिको हुन्छ ?

क) नियमित हुन्छ　ख) कम हुन्छ　　ग) हुँदै हुँदैन

१५. छात्राहरूको सिकाइ उपलब्धि कम हुनुको कारण के ठान्नु हुन्छ ?

क) छात्राहरू स्वभावैले कमजोर हुन्छन्

ख) छात्राहरूलाई हेर्ने पितृसत्तात्मक सोचले

ग) विद्यालयमा छात्राहरूलाई बढी प्राथमिकता दिएकोले ।

१६. के विद्यालयमा नियमित पठनपाठन हुन्छ ?

क) ठिकै हुन्छ　　ख) कम हुन्छ　　ग) हुँदै हुँदैन

१७. लैङ्गिक विभेदको अन्त्यका लागि कसको भूमिका बढी हुन्छ भन्ने ठान्नुहुन्छ?

क) शिक्षक　　ख) अभिभावक　　ग) विद्यार्थी　　घ) अन्य

१८. विद्यालयमा विद्यार्थीको अभिलेख राख्ने चलन छ कि छैन ?

क) छ　　ख) छैन

१९. विद्यालयमा आन्तरिक तथा बाह्य प्रभावकारिता ल्याउन के गर्नुपर्ला ?

क) विद्यार्थी व्यवस्थापन राम्रो हुनुपर्छ ।

ख) शिक्षक व्यवस्थापन राम्रो हुनुपर्छ ।

ग) भौतिक व्यवस्थापन राम्रो हुनुपर्छ ।

घ) अन्य

२०. लैङ्गिक विभेदको अन्त्यका लागि के गनुपर्ला ?

क) महिला प्रति सकरात्मक सोचको विकास गरेर ।

ख) कानूनको प्रभावकारी कार्यान्वयन गरेर ।

ग) महिलाहरूलाई विशेष सुविधा प्रदान गरेर ।

घ) स्थानीय संघ संस्थाहरूको भूमिकालाई प्रभावकारी बनाएर ।

ङ) सचेतनामूलक कार्यक्रम सञ्चालन गरेर ।

## छात्राको सिकाइ उपलब्धिमा लैङ्गिक विभेदको प्रभाव

## अनुसूची दुई : विद्यालय छात्र/छात्रालाई सोधिने प्रश्नावली

छात्र/छात्राको नाम :

कक्षा :

उमेर :

विद्यालयको नाम :

१. तपाईंको परिवारमा कति जना सदस्य हुनुहुन्छ ? तालिकामा उल्लेख गर्नुहोस्।

| | ५ वर्ष सम्मको | ६-१५ वर्ष सम्मको | १६-४०वर्ष सम्मको | ४१-६५ वर्ष सम्मको | ६५ वर्ष भन्दा माथि |
|---|---|---|---|---|---|
| पुरुष | | | | | |
| महिला | | | | | |

२. तपाईंको परिवारको शैक्षिक स्थिति कस्तो छ ?

| | प्राथमिक | नि.मा.वि. तह | मा.वि. तह | उच्च शिक्षा |
|---|---|---|---|---|
| पुरुष | | | | |
| महिला | | | | |

३. तपाईंको कक्षामा छात्राहरूको सङ्ख्या कस्तो थियो ?

क. बढी ख. घटी ग. बराबरी

४. तपाईंको घरमूली को हुनुहुन्छ ?

क. बुवा ख. आमा ग. अन्य

५. तपाईंको घरको मुख्य पेशा के हो ?

क. खेती ख. ब्यपार ग. नोकरी घ. अन्य

६. तपाईंको घरदेखि विद्यालय टाढा छ की नजिक ?

क. टाढा ख. नजिक

७. टाढा भए कति टाढा ?

क. १५ मिनटको बाटो ख. आधा घण्टाको बाटो

ग. १ घण्टाको बाटो घ. १ घण्टा भन्दा बढी

८. तपाईं विद्यालय कत्तिको नियमित जानु हुन्थ्यो ?

क. नियमित जान्थे ख. नियमित जान्नथे

९. यदि नियमित विद्यालय जानु हुन्नथ्यो भने किन ?

क. घरमा काम गर्नुपरेकोले ख. टाढा भएकाले

ग. केटा साथीले जिस्क्याउने भएकाले घ. अन्य कुनै कारण

१०. तपाईं घरमा नियमित अध्ययन गर्नुहुन्छ ?

क. गर्छु ख. गर्दिन

११. यदि गर्नुहुन्छ भने किन होला ? उल्लेख गर्नुहोस ।

क. ...............................

ख. ...............................

१२. विद्यालयमा कक्षा सञ्चालन कत्तिको नियमित हुन्छ ?

क. नियमित हुन्छ ख. नियमित हुँदैन

१२. विषय शिक्षकहरूको उपस्थिति कस्तो रहन्थ्यो ?

क. नियमित ख. कम नियमित ग. अनियमित

१३. शिक्षक र विद्यार्थी बीचको अन्तरक्रिया कत्तिको हुन्छ ?

क. हुन्छ ख. कम हुन्छ ग. हुँदैन

१४. शिक्षकबाट गृहकार्य कत्तिको दिइन्छ ?

क. दिइन्छ ख. कम दिइन्छ ग. दिइदैन

१५. दिइएको गृहकार्यहरूको जाँच कत्तिको हुन्छ ?

क. हुन्छ ख. कम हुन्छ ग. हुँदैन

१६. विद्यालयमा छात्राहरूका लागि छुट्टै सुविधा छ ?

क. छ  ख. छैन

१७. छात्राहरू बढी असफल हुनुको कारण के ठान्नुहुन्छ ?

क. घरायसी काम बढी गर्नु परेर

ख. विद्यालय वातावरण राम्रो नभएर

ग. पढाइमा ध्यान नदिएर

१८. अभिभावकले तपाईंको पढाइमा कत्तिको ध्यान दिनुहुन्छ ?

क. ध्यान दिनुहुन्छ  ख. कम ध्यान दिनुहुन्छ  ग. ध्यान दिनुहुन्न

१९. तपाईंका बुवा आमाले छोरा छोरीमा बढी कसलाई महत्व दिनुहुन्छ ?

क. छोरालाई  ख. छोरीलाई

२०. छोरीलाई कम महत्व दिनुको कारण के ठान्नुहुन्छ ?

क. छोरी अर्काको घर जाने जात भनेर

ख. छोरीहरू कमजोर हुन्छन् भनेर

२१. छोरा र छोरी बीचको भेदभावको कसरी अन्त्य गर्न सकिन्छ ?

क. बढी माया दिएर  ख. छोरीलाई विद्यालय पठाएर

ग. कानून बनाएर  घ. छोरीप्रति सकरात्मक सोचको विकास गरेर

## छात्राको सिकाइ उपलब्धिमा लैङ्गिक विभेदको प्रभाव

## अनुसूची तीन : अभिभावकलाई सोधिने प्रश्नावली

अभिभावकको नाम :

उमेर :

गा.वि.स. :

ठेगाना :

१. तपाईंको परिवारमा छोरीहरूको सङ्ख्या कति छ ?

क. एक ख. दुई ग. तीन

घ. तीन भन्दा बढी ङ. छैन

२. तपाईंको परिवारमा मुख्य कुन व्यवसाय अपनाउनु भएको छ ?

क. कृषि ख. व्यापार ग. नोकरी घ. अन्य

३. तपाईंको टोल/समुदायमा भएको विद्यालय कस्तो छ ?

क. अति उत्तम ख. उत्तम ग. मध्यम

घ. निम्नतम वा कामै नलाग्ने

४. विद्यालय शिक्षालाई प्रभावकरी बनाउन अभिभावकको भूमिका कस्तो हुन्छ ?

क. अत्यावश्यक ख. आवश्यक

ग. त्यति आवश्यक मानिन्न घ. अन्य

५. तपाईंले अहिले सम्म कुनै विद्यालयलाई केही सहयोग गर्नुभएको छ ?

क. छ ख. छैन

६. यदि छ भने कस्तो खालको सहयोग गर्नुभएको छ ?

क. भौतिक ख. आर्थिक ग. प्राविधिक घ. अन्य

७. तपाईं विद्यालयको शैक्षिक स्तरदेखि सन्तुष्ट हुनुहुन्छ ?

क. छु ख. छैन

८. यदि हुनुहुन्न भने किन ?

क. गुणस्तर युक्त पढाइ छैन

ख. विद्यालयमा शिक्षक, शिक्षिका राम्रा छैनन्

ग. विद्यालयको वातावरण नै ठिक छैन

घ. अन्य

९. विद्यालय कत्तिको जाने गर्नुहुन्छ ?

क. बढी ख. कम ग. जाँदै जान्न

१०. विद्यालयमा सञ्चालन हुने मिटिङमा तपाईंहरूलाई बोलाउने चलन छ ?

क. छ ख. छैन

११. विद्यालयका विभिन्न विषय शिक्षकहरूले आफ्नो वालवच्चाको शैक्षिक प्रगतिबारे जानकारी गराउँछन् ?

क. गराउँछन् ख. गराउँदैनन ग. अन्य

१२. घरायसी काममा बढी कसको सहयोग लिनुहुन्छ ?

क. छोरा ख. छोरी ग. अन्य

१३. छोरीलाई लाउनुहुन्छ भने किन ?

क. काम गर्न रुचाउँछन् ख. पढ्न मन गर्दैनन

ग. चलन नै यस्तो छ घ. अन्य

१४. घरमा छोरा/छारीको पढाइमा कत्तिको ध्यान दिनुहुन्छ ?

क. ध्यान दिन्छु ख. कम ध्यान दिन्छु ग. भ्याइदैन

१५. विद्यालयमा राजनीतिक गतिविधि कत्तिको हुन्छ ?

क. हुन्छ ख. हुँदैन ग. थाह छैन

१६. तपाईंको छोरीको एस.एल.सी. परीक्षाफल कस्तो रह्यो ?

क. सफल ख. असफल

१७. असफल रहनुमा कसलाई दोष दिनुहुन्छ ?

क. विद्यार्थीलाई ख. घरपरिवारलाई ग. विद्यालयलाई

१८. विद्यार्थीको पढाइ सुधार्न के गर्नुपर्छ ?

क. घरायसी कामलाई घटाउनुपर्छ

ख. विद्यार्थी आँफै जागरुक हुनुपर्छ

ग. विद्यालयको वातावरण सुधार्नुपर्छ

१९. विद्यार्थीको पठापाठनमा कत्तिको ध्यान दिनुहुन्छ ?

क. ध्यान दिन्छु　　ख. कम ध्यान दिन्छु　　ग. फुर्सदै हुँदैन

२०. विद्यालयमा केटीहरूको बढी सङ्ख्या किन असफल भएको होला ?

क. घरको काम बढी भएर　　ख. विद्यालय कम गएर

ग. शिक्षकहरूले राम्ररी पठनपाठन नगराएर

२१. समुदायमा छोरा र छोरी बीच भेदभाव छ भन्ने ठान्नुहुन्छ ?

क. भेदभाव छ　　ख. भेदभाव छैन　　ग. थाहा छैन

२२. लैङ्गिक विभेदको अन्त्य गर्न के गर्नुपर्ला ?

क. चेतना फैलाउनु पर्छ　　ख. सकरात्मक सोचको विकास गर्नुपर्छ

ग. दण्डनीय बनाउनु पर्छ

२३. लैङ्गिक विभेदको अन्त्य गर्न को बढी जिम्मेवारी रहन्छ ?

क. शिक्षक　　ख. विद्यार्थी　　ग. सरकार　　घ.समुदाय

२४. सिकाइ उपलब्धी न्यून रहनुको कारण के ठान्नु हुन्छ ?

क. पाठ्यक्रम　　ख. शिक्षा नीति　　ग. विद्यार्थी　घ. शिक्षक

## छात्राको सिकाइ उपलब्धिमा लैङ्गिक विभेदको प्रभाव

## अनुसूची चार : अवलोकन फारमको नमूना

१. छात्राहरूको सङ्ख्या घटी छ कि बढी छ ?

क. घटी छ    ख. बढी छ

२. छात्राहरूको उपस्थिति नियमित छ/छैन ?

क. छ    ख. छैन

३. शिक्षक विद्यार्थीको अनुपात कस्तो छ ?

क. मिल्दो छ    ख. नमिल्दो छ

४. विद्याथीले गृहकार्य गर्छन्/गर्दैनन ?

क. गर्छन्    ख. गर्दैनन

५. सिकाइ उपलब्धि छात्र/छात्रा कस्को न्यून छ ?

क. छात्र    ख. छात्रा

६. छात्राहरूलाई सकरात्मक दृष्टिले हेर्छन्/हेर्दैनन ?

क. हेर्छन्    ख. हेर्दैनन

७. छात्रा/छात्रको छुट्टा छुट्टै चर्पी छ/छैन ?

क. छ    ख. छैन

८. सिकाइ उपलब्धि प्रति शिक्षक सन्तोष देखिन्छन्/देखिदैन ?

क. देखिन्छन्    ख. देखिदैन

९. सिकाइ उपलब्धि न्यून रहनुमा को बढी जिम्मेवार देखिन्छ ?

क. विद्यालय    ख. परिवार

१०. छात्राहरू खुलेर बोल्न सक्छन्/सक्तैनन ?

क. सक्छन्    ख. सक्तैनन

११. तालिम प्राप्त शिक्षक छन् /छैनन ?

क. छन्    ख. छैनन

१२. शिक्षक बैठक मासिक हुन्छ/हुँदैन?

क. हुन्छ    ख. हुँदैन

१३. विद्यलयको शैक्षिक क्यालेन्डर छ/छैन ?

क. छ    ख. छैन

१४. शैक्षिक सामाग्री को प्रभावकारी प्रयोग हुन्छ/हुँदैन ?

क. हुन्छ    ख. हुँदैन

१५. बढी विद्यार्थीहरूले कुन विषय लगाएका छन् ?

क. अङ्ग्रेजी    ख. गणित    ग. विज्ञान    घ. अन्य

१६. सिकाइ उपलब्धि बृद्धि गर्न सकिन्छ/सकिदैन ?

क. सकिन्छ    ख. सकिदैन

## छात्राको सिकाइ उपलब्धिमा लैङ्गिक विभेदको प्रभाव

## अनुसूची  पाँच : विद्यालय प्र.अ. लाई अन्तरवार्तामा सोधिने प्रश्नावली

१. छात्राको सिकाइ उपलब्धि न्यून हुनुको कारणहरू के ठान्नु हुन्छ ?

२. एस.एल.सी. को परीक्षामा विद्यार्थीहरू न्यून रुपमा सफल हुनुको कारणहरू के के हुन् ?

३. शिक्षकले सिकाइ क्रियाकलापमा कस्तो कठिनाइ पाउनु भएको छ ?

४. वार्षिक कार्ययोजनाको कस्तो महत्व देख्नुहुन्छ ?

५. विद्यालय सञ्चालनमा कस्ता कठिनाइ रहेकाछन् ?

६. शिक्षक र विद्यार्थी बीचको अन्तरक्रिया कत्तिको पाउनु भएको छ ?

७. विद्यालयमा लैङ्गिक विभेदको अनुभव गर्नुभएको छ ?

८. लैङ्गिक विभेदको अन्त्यको लागि विद्यालयले कस्ता कार्यक्रम अगाडि सारेको छ ?

९. कक्षाकोठामा शैक्षिक सामाग्रीको कस्तो प्रयोग पाउनुभएको छ ?

१०. विद्यालयको निर्णय प्रक्रियामा शिक्षक तथा कर्मचारीको सहयोग कतिको लिनुभएको छ ?

११. प्र.अ. र शिक्षक बीचको सम्बन्ध कस्तो हुनुपर्दछ ?

१२. लैङ्गिक विभेदको अन्त्यको लागि कस्को बढी जिम्मेवारी ठान्नु हुन्छ ?

१३. सिकाइ उपलब्धिको समीक्षा किन आवश्यक ठान्नु हुन्छ ?

## छात्राको सिकाइ उपलब्धिमा लैङ्गिक विभेदको प्रभाव

## अनुसूची ६ : अवलोकन र अन्तरवार्ता लिएका विद्यालय र प्र.अ. को नामावली

| सि.न. | विद्यालयको नाम | विद्यालय प्र.अ |
|---|---|---|
| १ | श्री कसेनी उच्च मा.वि.वेलवारी -८(मोरङ) | श्री खगेन्द्रप्रसाद लुइटेल |
| २ | श्री भगवती उच्च मा.वि. वेलवारी-३(मोरङ) | श्री नारायणप्रसाद दुलाल |
| ३ | श्री सुकुना उच्च मा.वि.इन्द्रपुर-३(मोरङ) | श्री पितकुमार क्षेष्ठ |
| ४ | श्री शिक्षा निकेतन मा.वि.मृगौलियाा -९(मोरङ) | श्री राधिका शर्मा पौडेल |

## छात्राको सिकाइ उपलब्धिमा लैङ्गिक विभेदको प्रभाव

## अनुसूची  सात : छनौटमा परेका विद्यार्थीको नामावली

| सि.न. | विद्यार्थीको नामावली | कक्षा | विद्यालय |
|---|---|---|---|
| १ | सुनिता लिम्बू | एस.एल.सी. | श्री कसेनी मा.वि. बुधबारे - ८ मोरङ |
| २ | सुमन गुरुङ्ग | एस.एल.सी. | श्री कसेनी मा.वि. बुधबारे - ८ मोरङ |
| ३ | सविता गिरी | एस.एल.सी. | श्री भगवती उच्च मा.वि.वेलवारी-३ मोरङ |
| ४ | कुमार राई | एस.एल.सी. | श्री भगवती उच्च मा.वि.वेलवारी-३ मोरङ |
| ५ | अशोक खत्री | एस.एल.सी. | श्री सुकुना उच्च मा.वि.इन्द्रपुर-३ मोरङ |
| ६ | कमला वि.क. | एस.एल.सी. | श्री सुकुना उच्च मा.वि.इन्द्रपुर-३ मोरङ |
| ७ | कमला राई | एस.एल.सी | श्री शिक्षा निकेतन मा.वि. मृगौलिया-९, मोरङ |
| ८ | डम्मर पौडेल | एस.एल.सी | श्री शिक्षा निकेतन मा.वि. मृगौलिया-९, मोरङ |

**छात्राको सिकाइ उपलब्धिमा लैङ्गिक विभेदको प्रभाव**

**अनुसूची आठ : छनौटमा परेको अभिभावकहरूको नामवली**

| सि.न | अभिभावक नाम | ठेगाना |
|---|---|---|
| १ | डिक ब. लिम्बू | बेलवारी -८ बुधवारे, मोरङ |
| २ | लालमान धिमाल | बेलवारी-३ मोरङ |
| ३ | सूर्यमान श्रेष्ठ | इन्द्रपुर-३ मोरङ |
| ४ | रमेश पौडेल | मृगौलियाा -९ सलकपुर मोरङ |